**Unofficial Translation**

# नागरिक तथा राजनैतिक अधिकारसम्बन्धि अन्तर्राष्ट्रिय अनुबन्ध

वितरण: सामान्य

१५ डिसेम्बर २०१४

**अग्रिम असम्पादित संस्करण**

मूलभाषा: अंग्रेजी

# संयुक्त राष्ट्रसंघ

**CCPR/C/112/D/2018/2010**

## मानवअधिकार समिति

निवदेन नं : २०१८/२०१०

**११२ औ सत्रका (७–३१ अक्टोबर २०१४) दौरान समितिबाट अबलम्बित निर्णय**

| | |
|---|---|
| निवेदक : | केदार चौलागाइँ (एड्भोकेसी फोरम-नेपालका मन्दिरा शर्मा तथा रिड्रेस फण्डका कालास् फर्स्टम्यानद्धारा कानुनी प्रतिनिधित्व गरिएको) |
| पीडित : | निवेदक र उनको मृत छोरी सुभद्रा चौलागाइँ |
| पक्ष राष्ट्र : | नेपाल |
| निवेदन गरिएको मिति : | ७ डिसेम्बर २०१० (प्रारम्भिक जाहेरी) |
| सन्दर्भ दस्तावेज : | २२ डिसेन्बर २०१० मा पक्ष राष्ट्लाई प्रेषित विशेष प्रतिवेदक नियम ९७ को निर्णय (दस्तावेजको रुपमा हैन) |
| निर्णय अबलम्बित गरिएको मिति : | २८ अक्टोबर २०१३ फाल्गुन २०७१ |
| बिषय वस्तु : | कम्यूनिष्ट पार्टीको (माओवादी) सदस्य रहेको भन्ने आशंकामा एउटी केटीको स्वेच्छाचारी पक्राउ तथा थुना, यातना, अमानवीय तथा अपमानजनक व्यवहार र त्यसपछि गैरन्यायिक हत्या |
| सारवान सवालहरु : | बाँच्न पाउने अधिकार, यातना तथा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय, व्यक्तिको स्वतन्त्रता तथा सुरक्षाको अधिकार, व्यक्तिमा निहित आत्मसम्मानको कदर, प्रभावकारी उपचारको अधिकार, कानुनको समान संरक्षण |
| कार्यविधिगत सवाल : | उपलब्ध राष्ट्रिय उपचारहरु उपभोग नभएको |
| अनुबन्धका धाराहरु : | धारा २ अनुच्छेद ३ को सामञ्जयस्तामा धारा ६, ७, ९, १० र २६ |
| ऐच्छिक आलेखका धाराहरु : | २ ; ५ अनुच्छेद २ (ख) |

**(अनुसूची)**

देहायको निवेदन सम्बन्धि

# नागरिक तथा राजनैतिक अधिकारसम्बन्धि अन्तर्राष्ट्रिय अनुबन्ध को ऐच्छिक आलेखको धारा ५ अनुच्छेद ४ अन्तर्गतको मानवअधिकार समितिको धारणा (११२औं सत्र)

**निवेदन नं १८६०/२००९**

| | |
|---|---|
| निवेदक : | केदार चौलागाइँ (एड्भोकेसी फोरम-नेपालका मन्दिरा शर्मा तथा रिड्रेस फण्डका कालाँ फर्स्टम्यानद्धारा कानुनी प्रतिनिधित्व गरिएको) |
| पीडित : | निवेदक र उनको मृत छोरी, सुभद्रा चौलागाइँ |
| पक्ष राष्ट्र : | नेपाल |
| निवेदन गरिएको मिति : | ७ डिसेम्बर २०१० (प्रारम्भिक जाहेरी) |
| ग्राहयता सम्बन्धि निर्णय : | ०८ मार्च २०१२ |

नागरिक तथा राजनैतिक अधिकारसम्बन्धि अन्तर्राष्ट्रिय अनुबन्धको धारा २८ अन्तर्गत गठित मानवअधिकार समिति,

२८ अक्टोबर २०१४ को बैठकमा

नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक आलेख अन्तर्गत केदार चौलागाइँको हकमा मानवअधिकार आयोग समक्ष पेश गरिएको निवेदन नं १८६०/२००९ उपर विचार गरिसकेपछि,

निवदेनका निवेदकले उपलब्ध गराएका सम्पूर्ण लिखित जानकारीलाई मध्येनजर गर्दै निम्नलिखित अबलम्बन गर्दछ :

## ऐच्छिक आलेखको धारा ५ अनुच्छेद ४ अन्तर्गतको धारणा

१.१ यस निवेदनका निवेदक श्री केदार चौलागाई सन् १९५८ मा जन्मिनुभएको नेपाली नागरिक हुनुहुन्छ। उक्तनिवेदन निजले आफ्नै नाममा तथा सन् १९८४ मा जन्मिएकी तथा नेपाली नागरिक नै रहेकी आफ्नै छोरी सुभद्रा चौलागाईको हकमा जाहेर गरिएको हो। नागरिक तथा राजनैतिक अधिकारसम्बन्धि अन्तर्राष्ट्रिय अनुबन्धको धारा ६, ७, ९ र १० अन्तर्गत तथा उक्त धाराहरु सबैलाई धारा २ को अनुच्छेद ३ को सामञ्जयस्तामा र धारा २६ अन्तर्गत पृथक रुपमा हेर्दै आफनी छोरीका अधिकार तथा धारा २ को अनुच्छेद ३ को सामञ्जयस्तामा धारा ७ अन्तर्गत निजकै अधिकार हनन नेपाल राष्ट्रले गरेको भनी निवेदकले दाबी गरेका छन। १४ अगष्ट १९९१ मा नेपालका लागि ऐच्छिक आलेख लागू भएको थियो। निवदेकलाई उनका कानूनी सल्लाहकारले प्रतिनिधित्व गरेका हुन।

१.२ ७ अप्रिल २०११ मा नयाँ निवेदन तथा अन्तरिम उपायहरु सम्बन्धि विशेष प्रतिवेदकका मार्फत कार्यरत रहि समितिले निवेदनको मेरिट (विषयवस्तुको विश्लेषण) भन्दा ग्राहयतालाई भिन्न रुपमा परीक्षण गर्ने निर्णय गरेको थियो।

## निवेदकद्धारा प्रस्तुत गरिएका तथ्य

२.१ १२ फेब्रुअरी २००४ रातको समयमा काभ्रे जिल्ला पोखरीचौरी गा.वि.स वार्ड नं ३ मा पचास देखि ६० को हाराहारीमा सैनिक पोशाकमा रहेका तथा एम–१६ बन्दुकले सुसज्जित शाही नेपाली सेनाको टुकडीले सर्च अपरेशन गर्‍यो । उक्त टुकडीसंगै एक ए. सि नाम गरेका सुराकी पनि थिए जो सोही गाउँका बासिन्दा थिए । अन्दाजी रातको ११ बजेतिर उक्त टुकडीले निवेदकको सहोदर बहिनी डि.सी. को घर घेराउ गरी माओवादी क्रियाकलापमा संलग्नता रहेको प्रमाण खोजी गर्न थाले । निवेदक तथा उनका १४ बर्षिय छोरा र सुभद्रा, जो त्यसबखत १७ बर्षकी थिइन, को उपस्थितिमा घरको माथिल्लो तलामा ३ जना सैनिकले खानतलास गर्न थाले र तल भूईतलामा एक सैनिक जवानले निवेदकको श्रीमतिको छातीमा बन्दुक तानेर बसिररहे । केही पनि नभेटिए पछि माथि रहेका तीनै जना सैनिक तल ओर्ले । त्यसपछि एक सैनिकले भने, “यहाँ कोही पनि माओवादी छैनन । ”

२.२ त्यसपछि ए.सि. घरभित्र पसे र भर्‍याङ्गबाट माथि उक्लदै माथिल्लो तलामा पुगी यताउती हेर्न थाले । उनले सुभद्रालाई देख्नेबित्तिकै तिनीतर्फ देखाउदै भने “उ माओवादी त्यहा छे, समाउनुस !” एकजना सैनिकले सुभद्राको चुल्ठो समाई टाउको यस्तरी बजारिदियो कि भूइँमा रहेको काठको फलेक लगायत तल रहेको दलिनसमेत भाँच्चियो । त्यसपछि सुभद्रा र निवेदकलाई घरबाहिर लगियो ।

२.३ निवेदक घरको मूलद्धारमा पुग्दा आफ्नी छोरी गोठको छेउमा उभिएको र उनीसँग ४ जना सैनिक रहेको देखेका थिए । एकजना सैनिकले सुभद्रालाई छिमेकको एक घर तर्फ हिडेर जान भन्यो र उनी त्यतातिर हिड्न लाग्दा एकजना सैनिकले उनको पछाडिबाट उनको शरीरमा बन्दुक घोचिरहेको थियो भने अन्य सैनिकले उनीतर्फ बन्दुक सोझ्याएका थिए ।

२.४ छिमेकको घरतर्फ सुभ्रदालाई लैजादै गर्दा निवेदकलाई गोठको वरिपरि पुर्‍याइएको थियो । उनीसँग सातजना सैनिक संगै रहेका थिए र उनी गोठमा पुगेलगत्तै एकजना सैनिकले बन्दुकको नालले उनको छातीमा घोच्यो र अन्य ६ जनाले बन्दुक उनको छातीतिर तेर्साउदै चारैतर्फबाट घेरे ।

२.५ सैनिकहरुले सुभद्रलाई मुख छाडदै गाली गरिरहेका थिए र उनलाई “रन्डी” भन्दै थिए । त्यसपछि तिनीहरुले उनलाई छिमेकीको घरको बरन्डामा उनको दाहिनेतर्फ रहेको बस्ने खोपीमा बसालेर देब्रेतर्फ एक सैनिक उभियो । अन्य तीन जना सैनिकहरुले उनीतर्फ बन्दुक तानेर बसे र उनी रुदै थिइन । सैनिकहरुले मारिदिने धम्की दिदै त्यसक्षेत्रमा भैरहेका माओवादी क्रियाकलापका बारेमा सोधपुछ गर्न थाले । उनले आफुले चिनेका कोहीपनि माओवादी नभएको भनी उत्तर दिइन र आफू केवल एक विद्यार्थी भएको बताइन । एक घन्टापछि सैनिकहरुले उनलाई आफूसँगै हिडाई एउटा केराको थुम्को भएको स्थानसम्म पुर्‍याए । निवेदकले सुभद्रालाई सैनिकहरुतर्फ नै अनुहार फर्काइ उभिएको देखेका थिए । एकजना सैनिकले गोली चलायो तर बन्दुक पड्किएन । अर्को सैनिकले उसलाई अर्को बन्दुक थमायो र बन्दुक लिएर सुभद्राको पेटमा गढायो । त्यसपछि उसले गोली चलायो र प्रहारको वेगले सुभद्राको शरीर

तलको गरामा वज्रिन पुग्यो । त्यसपछि अरु सैनिकहरुले बन्दुक सोझ्याउदै गोली प्रहार गर्न थाले । चार जना सैनिकहरु दगुर्दै गराको डिलबाट हामफाल्दै उनी तर्फ हानिए र उनको शरीरलाई कुल्चदै लात्तीले हान्न थाले जसको फलस्वरुप पेटमा गोली लागेको ठाँउबाट उनको आन्द्राभुडी बाहिर निस्कन थाल्यो ।

२.६ त्यसपछि सैनिकहरुले निवेदक मरेको आश्वस्त नहुञ्जेल लात्तीले हान्न थाले र बन्दुकको कुन्दाले निरन्तर अनुहारमा प्रहार गरे । निवेदक अचेत भै भुइमा लडिरहेका थिए र रक्तश्राव भैरहेको थियो ।

२.७ त्यही रात केही समयपछि उनको घरभन्दा केही घरहरु पर बस्ने सुभद्राकी साथी आर.आरको घरमा पोशाकमै रहेका सैनिकहरु पुगे । त्यही रात सोही गाँउका एक युवा टि.एल. लाई समेत सैनिकहरुले गोली ठोकी हत्या गरे ।

२.८ त्यसैदिन पछि राष्ट्रिय रेडियो स्टेशनले " आर.आर., सुभद्रा चौलागाई र टि.एल. नामक तीन जना आतंककारीहरु सुरक्षा निकायसँगको मुठभेडमा काभ्रेको पोखरीचौरी गाँउमा मारिएका" भनी समाचार प्रसारित गऱ्यो ।

२.९ सुभद्राको गैरन्यायिक हत्या भएको भोलिपल्ट निवेदकले काभ्रे जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी गरे । तर उनको कुरा सुन्नको साटो प्रहरीले डराइधम्काई फिर्ता पठाइदिए । प्रहरीले अनुसन्धान गर्ने आशामा सुभद्राको मृत शरीरलाई यथास्थानमा नै छाडि निवेदकले प्रमुख जिल्ला अधिकारी समक्ष जाहेरी दिए ।

२.१० त्यसै दिन, निवदेकले एड्भोकेसी फोरम–नेपाललाई सम्पर्क गरे र आफ्नो छोरीको हत्याको बारेमा जानकारी दिए । घटना घटेको चार वा पाँच दिनपछि[1] एड्भोकेसी फोरमका कानुन व्यवसायीहरुले घटनास्थलमा पुगी तस्वीरहरु खिचे र गाउँमा रहेका केही प्रत्यक्षदर्शीहरूको संक्षिप्त बयान लिने काम गरे । शव परीक्षण गर्न प्रहरी नआएको र कुनै प्रकारको अनुसन्धान शुरु नभएको कारण निवेदककी छोरीको अन्तिम संस्कार सम्पन्न गरियो । लाशको न त पोष्टमोर्टम नै गरियो न परीक्षणको लागि उत्खनन नै भएको अवस्था छ ।

२.११ २९ फ्रेबुअरी २००४ मा निवेदकले राष्ट्रिय मानवअधिकार आयोगमा अनुसन्धानकालागि निवेदन पेश गरे । आयोगले आर.आर. को घटनासंगै सुभद्राको घटनामा अनुसन्धान गरी १४ जुन २००५ मा निवेदकलाई छानबिनको निष्कर्षका बारेमा अवगत गराए । सुभद्रालाई गैरकानुनी ढङ्गबाट मारिएको भनी ठहर गर्नुका साथै आयोगले सुभद्रा हत्यामा संलग्न सुरक्षा निकायका कर्मचारीहरुको पहिचान गरी कानुनी कारवाही गर्न सिफारिस गऱ्यो । आयोगले पीडित परिवारलाई जनही १५०,००० /– क्षतिपूर्ति दिन समेत सरकारसँग सिफारिस गऱ्यो ।

२.१२ ८ जुन २००६ (सशस्त्र द्वन्द्वको समाप्तिलगत्तै) निवेदकले हत्याको कसूर अन्तर्गत जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए । जाहेरीमा निवेदकले १२ देखी १३ फ्रेबुअरी २००४ मा गाउँमा गएका शाही नेपाली सेनाको सर्च टोलीका

[1] Ward No. 3, Pokhari Chauri Village Development Committee, Kavre District, is located almost 150 kilometers from Dhulikhel, the district headquarters, and is extremely difficult to access during the dry season and access is virtually impossible during the monsoon.

बारेमा विवरण र विशेषगरी लेप्टिलेन्टको कमाण्डमा आएको काभ्रेको भकुण्डेबेसीस्थित बिग्रेड नं ९ लाई उल्लेख गरेका थिए ।

२.१३ प्रहरीले अनुसन्धान नगरेपछि ८ अक्टोबर २००७ मा निवेदकले परमादेश लगायतका आवश्यक निर्देशनहरु जारी गर्न अनुरोध गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरे । जाहेरी दर्ता गरेको एक बर्ष बितिसक्दा पनि कुनै प्रभावकारी अनुसन्धान नगरेको स्थितिमा प्रहरीलाई अनुसन्धानका लागि कर लगाउन अदालको आदेश नै उपयुक्त कदम थियो ।

२.१४ निवेदकले दायर गरेको रिटको प्रत्युत्तरमा काभ्रे जिल्ला प्रहरी कार्यालयको हकमा जिल्ला सरकारी वकिलको कार्यालयले मुद्धामा आवश्यक सम्पूर्ण अनुसन्धानात्मक कार्यहरु भैसकेको भन्ने आधारमा रिट निवेदन खारेज गरिपाउँ भनी लिखित जवाफ पेश गर्‍यो । विशेष गरी १२ फ्रेबुअरी २००४ मा  पोखरीचौरी गाविसमा सर्च टोलीको नेतृत्व गर्ने र सुभद्राको हत्या गर्ने कमाण्डरको नाम समेत उल्लेख गरी भकुण्डेबेसी स्थित विग्रेड नं ९ मा पत्राचार गर्दै आवश्यक कागजातहरु मागेको कुरा प्रहरीले बताएको थियो । सर्च टोलीका लेप्टिलेन्ट एस.बि. को नेतृत्वमा गएको सुभद्राको घर घेराउ गर्ने तथा उनलाई पक्राउ गर्ने कार्य जुनियर सैनिक अधिकारी डि.टि.एम. को कमाण्डमा भएको कुरा भकुण्डेबेसी स्थित विग्रेड नं ९ बाट प्राप्त भएको लिखित जवाफमा उल्लेख गरिएको छ । तथापि सुभद्राले भाग्ने प्रयास गरेको र फलस्वरुप गोली हानिएको भन्ने सेनाको दावी थियो । त्यसपछि  लेप्टिलेन्ट एस. बी को नेतृत्वमा खटिएका संलग्नसबै सैनिकलाई जिल्ला प्रहरी कार्यालयमा उपस्थित गराउने तथा तिनीहरुको नाम, थर, तथा वहाल रहेको पद लगायतका सुचनाहरु उपलब्ध गराउनकालागि अनरोध गर्दै जिल्ला प्रहरी कार्यालयले अन्चल प्रहरी कार्यालयलाई पत्राचार गर्‍यो । तर प्रत्युत्तर भने केही पनि आएन । जाहेरवालाको मागदावी बमोजिम दोषीलाई पक्राउ गर्ने यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने सम्पूर्ण दायित्व उपर्युक्त पत्राचारले पुरा गरेको भन्ने निष्कर्षसहित रीट निवेदन खारेज गर्न अनुरोध गरेको थियो ।

२.१५ महान्यायाधिवक्ताको कार्यालय मार्फत पेश गरिएको जिल्ला सरकारी कार्यालयको प्रत्युत्तरले पनि रिट निवेदन खारेज गर्न अनुरोध गरेको थियो । जिल्ला प्रहरी कार्यालयबाट सम्बन्धित मिसिलहरु संलग्न गरी प्रतिवेदन प्राप्त भएको भए उक्त कार्यालयले अभियोग पत्र तयार पार्ने तथा अदालतमा दायर गर्ने आफनो कानुनी दायित्व पुरा गर्ने थियो भनी दावी गर्‍यो । यसरी कुनै पनि मिसिल प्राप्त हुन नआएको स्थितिमा जाहेरवालाको संवैधानिक तथा कानुनी अधिकारको हनन नभएको भन्ने उक्त कार्यालयको जिकिर थियो ।

२.१६ १४ डिसेम्बर २००९ मा सर्वोच्च अदालतले परमादेश जारी गर्‍यो । घटना घटेको भनी मौखिक उजुरी तथा औपचारिक रुपमा जाहेरी दिएको हुँदा जाहेरवालाले सरकारी मुद्धासम्बन्धी ऐन अनुरुप आफ्नो दायित्व पुरा गरेको भनी परमादेशको आदेशले भन्छ । तथापि, जिल्ला प्रहरी कार्यालयले सरकारी मुद्धासम्बन्धी ऐन अनुरुप आफ्नो दायित्व पुरा गर्न असफल रहेको थियो । सरकारी वकील कार्यालयको भूमिका बारे आदेशले भन्छ कि मुद्धा अनुसन्धान गर्ने प्रमुख दायित्व प्रहरी कार्यालयमा निहित हुने भएतापनि सरकारी मुद्धासम्बन्धी ऐनले स्पष्टरुपमा जिल्ला सरकारी वकीललाई

निर्देशन दिने अधिकार प्रत्यायोजन गरेको छ । अदालतले निर्देशन गरेको छ किः जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोकमा दर्ता गराएको कर्तव्य ज्यान मुद्दाको जाहेरी दरखास्तउपर अनुसन्धान तहकिकातको कार्यलाई उक्त प्रहरी कार्यालयले जिम्मेवारीपूर्वक प्रभावकारी ढङ्गले अगाडी बढाई कानूनी कर्तव्य पूरा गरेको नदेखिँदा उक्त जाहेरी दरखास्त अनुरुप शीघ्र अनुसन्धान तहकिकात पुरा गर्नु भनी विपक्षीहरुको नाममा परमादेश जारी गरिएको छ । साथै अनुसन्धान तहकिकातको कर्तव्य पालनामा निरन्तर उपेक्षा गरेको देखिँदा त्यसतर्फ गम्भिर रही सक्रियता देखाउन आवश्यक र उचित कदम चाल्नेतर्फ सजग रही सचेत गराउनु भनी प्रहरी प्रधान कार्यालय, मध्यक्षेत्रिय प्रहरी कार्यालय र अञ्चल प्रहरी कार्यालय बागमतीको नाममा तथा अपराध अनुसन्धानको क्रममा सम्बन्धित प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन नदिई सम्बन्धित कानूनले औंल्याएको दायित्वप्रती निश्क्रिय रहेको देखिँदा त्यसतर्फ गम्भिर रही सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला सरकारी वकिललाई सो सम्बन्धमा शीघ्र, उचित र ठोस कदम चाली अनुसन्धान गर्ने प्रहरी कर्मचारीसँग निर्देशकिय समन्वयात्मक भूमिका निर्वाह गर्न लगाउनु भनी नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यालयको नाममा समेत न्यायादेश (Judicial Stricture) जारी गरिएको छ ।

२.१७ राष्ट्रिय मानवअधिकार आयोगको निष्कर्ष तथा सिफारिसको आधारमा निवेदकले कुनै पनि क्षतिपूर्ति पाएनन तर फ्रेबुअरी २०१० मा अन्तरिम राहत कोषबाट गैरन्यायिक हत्याका पीडित परिवारलगायतका द्वन्द्व पीडितकालागि सरकारले जनही १ लाख रुपैया प्रदान गर्‍यो । निवदेकले उक्त रकम जिल्ला प्रशासन कार्यालय, धुलिखेलबाट प्राप्त गरेका थिए ।

२.१८ ऐच्छिक आलेखको धारा ५ अनुच्छेद २(ख) लाई उल्लेख गर्दै निवेदकले राष्ट्रिय कानूनी उपचारको कार्यान्वयनमा अव्यवहारिक बिलम्ब भएको भनी जिकिर गरेका छन । १२ फ्रेबुअरी २००४ मा घटना घटेको र १४ जुन २००५ मा राष्ट्रिय मानवअधिकार आयोगको सिफारिस तथा १४ डिसेम्बर २००९ मा सर्वोच्च अदालतको आदेशका बाजबुद पनि हालसम्म कुनै औपचारिक अनुसन्धान नभएको कुरालाई निवेदकले स्मरण गरेका छन । यस मुद्धाका हकमा मात्र प्रहरीले अनुसन्धान गर्न जानाजानी ढिलाई गरेको होइन बरु अन्य यस्तै प्रकृतिका मुद्धाहरुमा समेत यस्तो भएको र वस्तुतः केही पनि नभएको ठहर सर्वोच्च अदालतले गरेको थियो ।

२.१९ आफूले दावी गरेका कसूरहरु १२ –१३ फ्रेबुअरी २००४ का दौरान भएको जतिबेला आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) अध्यादेश (टाडो) लागू थियो भन्नेतर्फ निवदेकले इंगित गरेका छन । टाडोको दफा ५[२] ले आतंककारी तथा विध्वंसात्मक क्रियाकलापहरुलाई नियन्त्रण गर्न सुरक्षा निकायलाई आतंककारी वा विध्वंसात्मक क्रियाकलापमा संलग्न रहेको “संदिग्ध” जोकोहिलाई पनि वारेण्टबिनानै पक्राउ गर्न सक्ने तथा

[2] TADO, Section 5 (a)

पक्राउ गर्न खोज्दा प्रतिरोध गर्नेहरुविरुद्ध हाथहथियार प्रयोग गर्नसक्ने[३]अधिकार लगायतका विशेष अधिकारहरु प्रदान गरेको छ ।

२.२० राज्यका निकायबाट भएका आरोपित अपराधमा दण्डहीनता दुवै कानुनी तथा व्यवहारिक रुपमा रहेको निवेदकले उल्लेख गरेका छन ।[४]प्रहरी ऐन २०१२ का अनुसार प्रमुख जिल्ला अधिकारी लगायतका जोकोहि प्रहरी कर्मचारीलाइ *ऐन वा अरु प्रचलित ऐन बमोजिम गर्नुपर्ने कर्तव्यपालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा असल नियतले गरेकोमा सजाय र हर्जाना तिर्ने भागी हुँदैन* भनी उन्मुत्ति प्रदान गरेको छ ।[५] प्रहरी कर्मचारीविरुद्ध अनुशासात्मक कारवाही गर्न सकिने कसूरको सूचि प्रहरी ऐनमा भएतापनि उक्त सूचिमा गैरन्यायिक हत्या र अन्य मानवअधिकार हननका सवालमा व्यक्तिगत फौजदारी जिम्मेवारी बहन गराउने भनी उल्लेख भने गरिएको छैन ।[६] यसका अलावा, यस्ता कर्मचारीविरुद्ध उजुरी दायर गर्न सर्वोच्च अदालतले प्रहरीलाई निर्देशन दिएतापनि नाममात्रको झीनो कारबाही देखि कुनै पनि प्रकारको कारवाही नथालिएको अवस्था छ ।

२.२१ सैनिक ऐन २०१६ बमोजिम कर्तव्य पालन गर्ने सिलसिलामा भएका घटनाहरुमा सेनाका सबै कर्मचारीहरुलाई अभियोजनबाट उम्मुक्ति दिने प्रावधान छ भनी निवदेकले थप जिकिर गरेका छन । दफा २४ (क) बमोजिम “प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन लागू हुने व्यक्तिले कर्तव्य पालनको सिलसिलामा गरेको कुनै पनि कार्यबाट कसैको मृत्यु हुन गएमा वा कसैलाई क्षति हुन गएमा त्यस्तो व्यक्तिउपर कुने पनि अदालतमा मुद्धा चलाउन सकिने छैन ।” ऐनको उल्लंघन भएमा अनुसन्धान तथा कोर्ट मार्शल हुने भन्ने प्रावधानको विद्यमानता रहेता पनि एकदम थौरै मुद्धाहरुमा मात्रै सैनिक अदालत गठन गरिएका छन र पीडितहरु न त त्यस्ता कार्यवाहीका दौरान सरीक हुन पाउछन न त यस्ता फैसलाहरु तिनीहरुलाई उपलब्ध नै गराइन्छ ।[७] यसका अलावा, सार्वजनिक सुरक्षा ऐनले पनि कर्तव्य पालनको सिलसिलामा राज्यका कर्मचारीहरुले असल नियतले गरेका कृत्यहरुलाई उन्मुक्ति प्रदान गर्दछ ।[८] त्यसकारण, यस्ता मुद्धामा अनुसन्धान भएर अदालतसमक्ष पेश गरिएता पनि धेरैजस्तो अवस्थामा अभियोजनबाट बच्न आरोपित सैनिक कर्मचारीले यस्ता प्रावधानहरुको साहारा लिन्छन । अझै, सुरक्षा निकायका कर्मचारीका हकमा व्याप्त दण्डहीनताको संस्कृतिले राष्ट्रिय कानूनी उपचारहरुको उपलब्धता र प्रभावकारीतालाई निषेध गरेको अवस्था छ ।

---

[3] TADO, Section 5 (d)

[4] The author refers to a report of Advocacy Forum and Human Rights Watch, 'Waiting for Justice: Unpunished crimes from Nepal's Armed Conflict', 2008, p.15, available at http://www.hrw.org/reports/2008/09/11/waiting-justice -0.

[5] Police Act, Section 37

[6] Police Act, Chapter 6

[7] Waiting for Justice, supra n.5, p.48

[8] Public Security Act, Section 22

## उजुरी

३.१ आफ्नो छोरी बिरुद्ध प्रयोग गरिएका प्राणघातक बल सापेक्षिक रुपमा असमान र अनावश्यक रहेको र उक्त कार्यले अनुबन्धको धारा ६ को उल्लंघन गरेको छ भनि निवेदकले पेश गरेका छन् । त्यसैगरी, उनको छोरीको हत्यासम्बन्धि हालसम्म पनि कुनै पनि प्रभावकारी अनुसन्धान नभएकोमा राज्यपक्षले धारा २ अनुच्छेद ३ को सामञ्यस्तामा हेर्दा अनुबन्धको धारा ६ अन्तर्गतको दायित्वलाई समेत उल्लंघन गरेको छ । अन्त्यमा, सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायधिकरणबाट स्वच्छ र सार्वजनिक सुनुवाई गराउने खालको कार्यबिधिगत सुनिश्चितता गर्ने व्यवस्था नेपालको फौजदारी न्याय प्रणालीमा नभएको हुनाले अनुबन्धनको धारा २ अनुच्छेद ३ को सामञ्जयस्तामा हेर्दा धारा ६ को थप उल्लंघन भएको छ भनि निवेदकले दाबी गरेका छन् । राज्यको कर्मचारी आफै विपक्षी भएको कुनैपनि मुद्दामा राज्यपक्षको स्वतन्त्रता र निष्पक्षता कम हुन्छ ।

३.२ प्रस्तुत मुद्दाका अभियुक्तहरुलाई नागरिक अदालतको सट्टामा सैनिक अदालत गठन गरी पुर्पक्ष गरिएला भन्ने कुरामा निवेदक चिन्तित छन । सैनिक अदालतबाट भएका निर्णयहरुमा पुनरावेदन लाग्दैन र सुनुवाईहरुमा पनि आमनागरिक उपस्थित हुन पाउदैनन । सैनिक अदालतमा गरिने पुर्पक्षले धारा २ अनुच्छेद ३ को सामञ्जयस्तामा हेर्दा धारा ६ का अधिकारहरुको हनन हुन्छ ।[९] अझ सैनिक अदालतहरुले तोक्ने दण्ड/जरिवाना नितान्त अनुशासनात्मक प्रकृतिको हुने भएकाले उल्लंघनबाट भोगेको पीडाको गाम्भीर्यता अनुरुपको सजाय हुन सक्दैन । यसले धारा २ अनुच्छेद ३ को सामञ्जयस्तामा हेर्दा धारा ६ अर्न्तगतका अधिकारको थप उल्लंघन गरेको देखिन्छ ।

३.३ जेजस्तो परिस्थितिमा सुभद्राको पक्राउ र हत्या गरियो त्यसले अनुबन्धको धारा ७ को उल्लंघन भएको ठहर्छ भनि निवेदकले उल्लेख गरेका छन् । नियतवश नभएतापनि पहिलो गोलि प्रहार गर्दा चुकेको तथ्यलाई “बनावटी हत्या” ( Mock Execution) को संज्ञा दिन सकिन्छ र तत्अनुरुप अनुबन्धनको धारा ७ को उलङ्घन गरेको ठहर्छ । त्यसैगरी उनको छोरीलाई आक्रमण गरेको, गोली हानेको र अमानविय ढङ्गले हातपात गरेको कार्य पनि धारा ७ बमोजिमको उल्लंघन हो ।

३.४ मृत्युपूर्व उनको छोरीप्रति लक्षित गालीगलौज र ज्यान मार्ने धम्की अमानविय ब्यवहारको दर्जाको मात्र नभई धारा ७ बमोजिम थप उल्लंघन भएको छ भन्ने निवेदकको तर्क छ । निवेदक र उनका छोरीलाई नैतिक रुपमा हीनताबोध गराउने मनसायले ‘‘रण्डी’’ जस्तो अपशब्द–, जसको प्रत्यक्ष भावार्थ यौन क्रियाकलापसँग सम्बन्धित हुन्छ – सुभद्रालाई बारम्बार प्रयोग गरिएको थियो भन्ने कुरामा निवेदकले जोड दिएका छन ।

---

[9] The author refers to principle 29, Updated Set of Principles for the Protection and Promotion of Human Rights through Action to Combat Impunity, adopted by the UN Commission on Human Rights through Action to Combat Impunity , adopted by the UN Commission on Human Rights in resolution 2005/81, UN Doc. E/CN.4/2005/102/Add.1

३.५ निवेदकले भोगेका दुवै किसिमका दुरब्यर्वहार – निर्घात कुटपिट तथा आफ्नो छोरीको हत्या गरिएको र त्यसको परिणामस्वरुप पीडकहरुको दण्डहिनता दुवैको फगत दर्शक बन्नुपर्ने विवशता धारा ७ अर्न्तगतको उल्लङ्घन मानिने यातनाको दर्जामा पर्दछ भनी निवेदन गर्दछन ।

३.६ निवेदनमा आफ्नो छोरी माओवादी नभएको र यदि प्रतिबन्धित संस्थाको सदस्यता लिदा नेपालको कानुन बमोजिम अपराध मानिन्छ भने मध्यरातमा बिना पक्राउ पूर्जि केवल १७ बर्षकी निहत्था बालिकालाई सेनाको जत्थाले पक्राउ गर्नु न्यायोचित कार्य हैन र अनुबन्धनको धारा ९ को उल्लंघन हो भनि निवेदकको जिकिर छ । उनले सुभद्रालाई हिरासतमा लिदाका बखत पनि मानविय एवम ब्यक्तिको नैसर्गिक गरिमाको सम्मान नहुने गरी ब्यवहार गरिएको थियो, जुन अनुबन्धको धारा १० बमोजिमको उल्लंघन हो भनि उल्लेख गरेका छन् ।

३.७ अन्त्यमा उक्त मुद्दामा ‘‘कानूनले समान संरक्षण दिन्छ’’ भन्ने कुराको अभावमा अनुबन्धको धारा २६ को उल्लंघन देखिन्छ भन्ने निवेदकको दावी छ । मुलुकी ऐनको महल १० ‘‘कर्तब्य ज्यान’’ को दफा १३ बमोजिम कुनै ब्यक्तिले मनशाय पूर्वक कसैलाई कर्तब्य ज्यान गरी मार्ने कार्य गरेको रहेछ भने त्यसलाई सर्वस्वसहित कैदको सजाय तोकेको छ । तथापि सुभद्राको हत्या गर्ने ब्यक्तिहरु राज्यको प्रतिनिधि पात्र हुन र त्यसकारण उनिहरु अभियोजनबाट उन्मूक्ति पाउन सक्छन् । अझ ‘‘संयुक्त सुरक्षा फौज’’[10] प्रणालीका कारण सेनाका अधिकृतहरु संलग्न मुद्दामा अनुसन्धान गर्न प्रहरीलाई अत्यन्त कठिनाई हुन्छ किनभने प्राय यस्तो टोलीमा सैनिक अधिकृत नै माथिल्लो दर्जाको हुन्छन् । अन्ततः माथि उल्लेख भए बमोजिम एकै प्रकारका कसूर गर्दा पनि राज्यका प्रतिनिधिलाई अभियोजनबाट उन्मूक्ति दिलाउन सक्ने प्रावधानहरु राष्ट्रिय कानूनमा प्रचुरमात्रामा छन् जबकि सोही कसूर गर्दा सामान्य नागरिकलाई भने अभियोजनको भागीदार बन्नु पर्दछ ।

३.८ अभियोगदाबी बमोजिम अपराधमा जिम्मेवार सबैलाई –चाहे प्रत्यक्ष कसूरदार होस वा कसूर गर्न आदेश दिने वा अधिकार प्रत्यायोजित गरिएका वा सहमती जनाएका – अभियोजन गर्न राज्यपक्षले पूर्ण एवम् प्रभावकारी फौजदारी अनुसन्धान गर्नुपर्छ भनि निवेदकले समिति समक्ष राज्यपक्षलाई अनुरोध गर्न आग्रह गरेका छन । आर्थिक एवं गैर आर्थिक सबै क्षतिहरुको लागि आर्थिक क्षतिपूर्ति, अधिकारको पुर्नस्थापना, पुर्नस्थापना, सन्तुष्टिका उपायहरु र नदोहोरिने प्रत्याभूति लगायतको अधिकार उल्लंघन भए बापत पूर्ण एवं प्रभावकारी क्षतिपूर्ति ब्यर्होन राज्यपक्षलाई निर्देशन दिन समितिलाई उनले थप आग्रह गरेका छन् । सामान्य उपायहरुका हकमा यस्ता किसिमका उल्लंघनहरुको पुनरावृति नहोस् भन्नाको लागि राज्यपक्षलाई आफ्ना कानून र निकायहरुलाई सुधार गर्न आग्रह गरेका छन् ।

[10] The Army was under direct control of the monarchy at that time that Subhadra was killed, and both the police and the Armed Police Force were placed under the unified command of the RNA between November 2001 and April 2006. Therefore, police officers under this unified command were often part of the unit allegedly responsible for the killings and would claim they were powerless to investigate their superiors

## ग्राह्यताको बिषयमा राज्यपक्षको दृष्टिकोण

४.१ राष्ट्रिय उपचारको अभावको आधार लिई पेश भएको उक्त निवेदनको ग्राह्यताको बिषयलाई चुनौती दिदै राज्यपक्षले १५ मार्च २०११ तारिखमा विरोधपत्र (Note verbale) प्रेषित गरी दृष्टिकोण पेश गरेको थियो । ९ नं गणका सेनानीको मातहतमा रहेको गस्ति टोलीबाट आफ्नो छोरीको हत्या भएको भनि अभियोग लगाई निवेदकले जिल्ला प्रहरी कार्यालय काभ्रेमा ०५ जुन २००६ मा जाहेरी दिएका थिए । उक्त जाहेरीको सम्बन्धमा सर्वोच्च अदालतले डिसेम्बर १४ २००९ मा परमादेश जारी गर्दै अनुसन्धानलाई तुरुन्त अगाडि बढाउन आदेश दिएको थियो । परमादेशको आदेश पालन गर्दै प्रहरी प्रधान कार्यालयको कानून शाखाले आफ्नो मातहतको सबै प्रहरी अधिकृतहरुलाई उक्त बिषयमा छिटो र प्रभावकारी अनुसन्धानहरु गर्न निर्देशनात्मक आदेश जारी गर्‍यो । अदालतको आदेश अनुरुप जिल्ला प्रहरी कार्यालय काभ्रेले अनुसन्धानको प्रक्रियालाइ द्रुत पार्‍यो । २३ अप्रिल २०१० सम्म जिल्ला प्रहरी कार्यालयले २ जना साक्षीहरुको बयान रेकर्ड गरायो । ३० अगस्त २०१० मा निवेदकका श्रीमतिको पनि बयान लियो । इलाका प्रहरी कार्यालय कात्तिकेले २१ जनवरी २०११ मा घटनास्थलको अवलोकन गरी घट्नास्थल मुचुल्का तयार पार्यो ।[११] विद्यमान कानून बमोजिम आवश्यक थप अनुसन्धान प्रहरीद्वारा तीव्र गतिमा भईरहेको भन्ने बिषयमा राज्य पक्षले थप उल्लेख गर्यो ।

४.२ ११ फेब्रुअरी २००४ मा घटेका अन्य घटनाहरुको बिषयमा राज्य पक्षले अनुसन्धान भईरहेको कुरा उल्लेख गरेको छ – उदाहरणको लागि आर. आर को हत्यामा संलग्न भई घटनापछि फरार रहेका सेनामा कार्यरत एक आरोपीलाई प्रहरीले पक्राउ गर्‍यो र काभ्रे जिल्ला अदालतमा उनी माथि कर्तब्यज्यान मुद्दामा पूर्पक्ष भैरहेको तथ्य । निवेदनमा पेश भएका तथ्यहरुको बिषयमा अनुसन्धान अझै जारी रहेको अवस्थामा राष्ट्रिय उपचारहरको अभाव भएको हैन भन्ने राज्य पक्षको तर्क छ । दशबर्षे लामो शसस्त्र द्वन्द्वमा मानवअधिकार उलङ्घन विषयका मुद्दाको अभियोग माथि उपयुक्त एवम् विस्तृत अनुसन्धान गर्ने प्रतिबद्धताका साथै ‘‘संक्रमणकालिन न्यायका उपयुक्त संयन्त्रहरु खोज्ने कार्य तर्फ पाइला चालिएको छ’’ भन्ने राज्यपक्षको जिकिर छ ।

४.३ भकुण्डेबेशीमा रहेको श्रीगण नं. ९ ले ११ फ्रेबुअरी २००४ मा काभ्रे जिल्लाको पोखरीचौरी इलाकामा कारवाही चलाएको थियो भन्ने कुरा राज्य पक्षले ब्यक्त गरेको छ । आतङ्ककवादीहरु त्यस इलाकामा लुकेका छन भन्ने सूचना प्राप्त भएपछि सुरक्षा टोलिले उक्त कारवाहीको क्रममा त्यहाँका केहि घरहरुमा छापा मारेका थिए । सुरक्षाटोली सुभद्रा चौंलागाईं (शंकास्पद आतङ्कबादी) को घर पुगेका थिए । अनेकौं अनुरोधका बाबजुद पनि उनले १५ मिनेट सम्म ढोका खोलिनन् । तिनलाई खोज्दै सुरक्षाटोलीले ढोका खोलि भित्र पस्दा अर्को आतङ्कवादी झ्यालबाट बाहिर हाम फालेका थिए । केहि सुरक्षाकर्मीहरु भर्‍याङ्ग चढ्दै गर्दा सुभद्रा भाग्ने तरखरमा लागेको महसुस गरे । त्यसपछि उनी पक्राउमा परिन । उनीबाट पेस्तोल र पाँच राउण्ड गोलीहरु बरामद भयो । केरकारगर्दा आफू आतङ्कवादी भएको उनले सहज

[11] No further details were provided by the State Party

स्वीकार गरिन् । सुभद्राले गाउँमा धेरै आतङ्ककवादीहरु लुकेका छन् भनि उनीहरुको घरहरु चिनाईदिने प्रस्ताव राखिन् । घरहरुको खोजतलासको क्रममा उनी सुरक्षाटोलीको साथमा थिइन् । उक्त खोजतलासको क्रममा उनले भाग्ने प्रयास गरिन । सुरक्षाकर्मीद्वारा उनलाई नियन्त्रणमा लिन गरिएको जवाफी कारवाही दुर्भाग्यवस उनको मृत्युमा परिणत भयो । आर. आरलाई सुरक्षाकर्मीहरुले यातना दिएको वा बलात्कार गरेको हैन/ छैन भनि राज्यपक्षले बताएको छ ।

४.४ अनुसन्धानको बिषयमा उक्त कारवाहीका टोली प्रमुखले पोखरीचौरी इलाकामा ११ फेब्रुअरी २००४ मा घटेका घटना बारेमा एउटा प्रतिबेदन पेश गरेका थिए जुन पछि गएर झुठा साबित भयो । टोलीका सहायक इन्र्चाजको ( प्रमुख) अध्यक्षतामा उक्त जाँचबुझ समिति बन्यो । यस समितिबाट पनि चित्तबुझ्दो सूचना/जानकारी नपाएपछि सेना मुख्यालयले अर्को जाँचबुझ समिति गठन गर्यो, जसले आवश्यक अनुसन्धानपछि सैनिक अदालतको गठनको लागि सिफारिस गर्यो । तत्कालिन सैनिक ऐन - १९५९ अर्न्तगत स्थापित सैनिक अदालतले आफ्नो निर्णय निम्न बमोजिम सुनाएको थियोः १. कारवाहीका टोली प्रमुखलाई घट्नाको बारेमा झुट्टा प्रतिवेदन बनाएको अपराधमा दोषि मुकरर गरी नसिहतको भागी ठहर्ने २. सहायक प्रमुखको अध्यक्षतामा बनेको जाँचबुझ समितिलाई यस बिषयमा पर्याप्त रुपमा सत्यतथ्य ग्रहण नगरी प्रतिवेदन तयार पारेको भन्ने पुष्टि भई टोलीका सहायक प्रमुखलाई एक बर्षका लागि बढुवा रोकिने गरी सजाय मुकरर हुने ३. कारवाहीमा प्रमुख भई खटिएका सेनानी एस्. बि. को आदेशले अत्यन्त बढि बल प्रयोग गरिएको कारणले आर. आर.को मृत्यु भएको ठहराई चार महिना कारागारमा राख्ने सजांय ४. त्यहाँ खटिएका एक सैनिकलाई आफ्नो सेना प्रमुखलाई अनावश्यक सल्लाह दिई उक्साएको भन्ने ठहराई चार महिना कारागारमा राख्ने सजाय । सेनानी एस्. बि. लगायतका अभियुक्तहरु बिरुद्ध काभ्रे जिल्ला अदालतमा कर्तब्य ज्यान सम्बन्धि मुद्दा दायर हुनुको साथै उक्त मुद्धा विचाराधीन छ भन्ने कुरा पनि राज्य पक्षले बताएको छ ।

## ग्राह्यतासम्बन्धी राज्यपक्षको दृष्टिकोणमा निवेदकको टिप्पणी

५.१ ०६ जुन २०११ मा निवेदकले सरकारी पक्षको ग्राह्यता सम्बन्धी धारणामा टिप्पणी गरे । निवेदक राज्यपक्षका दाबीलाई प्रमाणित गर्ने कुनै पनि प्रमाण छैनन् भनी निवेदन गर्दछन् । राज्यपक्ष यो निवेदन अग्राह्य छ भन्ने आफ्नो तर्कलाई समर्थन गर्न दुईवटा मुख्य बुँदामा आधारित भएको देखिन्छ : (१) निवेदकलाई न्यायिक उपचार दिइसकिएको वा दिने क्रममा रहेको छ किनकि घटनाको वस्तुस्थितिलाई सैनिक अदालतले जाँचबुझ गरिसकेको छ र पीडकहरूलाई अधिकार उल्लंघनका लागि दण्डित गरिसकेको छ वा नागरिक अदालतले मुद्दा चलाउने क्रममा छ, अनि (२) देशको कानुन अनुसार मुद्दाको अनुसन्धान भइरहेको छ र देशमै पाइने कानुनी उपचार उपभोग भइसकेको छैन ।

५.२ पहिलो दाबीका सम्बन्धमा निवेदकको भनाइ के छ भने घटनामा संलग्न सैनिकहरूलाई सैनिक अदालतले दण्डित गरिसकेको र यही मुद्दामा उनीहरूमाथि अहिले नागरिक अदालतमा कारबाही चलिरहेको भनी राज्यपक्षले आफ्नो धारणामा भ्रामक प्रभाव पार्न खोजेको देखिन्छ । उनी यो सही होइन भनी जिकिर गर्छन् । २००५ मा सैनिक अदालतले सुभद्राको हत्याको परिस्थितिका बारेमा छानबिन गरेको देखिएपनि उक्त सैनिक अदालतले दिएको सजाय तथा त्यसपछि

गरिने भनिएका कारबाही निवेदककी छोरीको हत्या तथा उनीमाथि भएको क्रूर, अमानवीय तथा अपमानजनक व्यवहारसँग सम्बन्धित थिएनन् बरु त्यही मितिमा त्यही गाउँका अन्य व्यक्ति, आर.आर. र श्री टि. एल. का विरुद्ध गरिएका मानवअधिकार उल्लंघनसँग सम्बन्धित थिए । राज्यपक्ष दुईवटा जाँचबुझ अदालत (जुन भ्रामक तथ्यमा आधारित थिए भनी आफैं स्वीकार्छ) र घटनाको सम्बन्धमा गरिएको सैनिक अदालतको कारबाही (भन्नाले त्यो रात गाउँमा भएका घटनाको समग्रतामा) लाई लिएर आफू यो मुद्दामा अनुसन्धान गर्न र दोषीलाई कारबाही गर्न तत्पर रहेको देखाउन चाहन्छ । यी सैनिक अदालत अनियमित रहेका मात्र नभई यिनले पूर्णतया सन्तोषजनक न्यायिक उपचार दिन सकेनन्, अझ निवेदककी छोरीको हत्या र दुर्व्यवहारमा सजाय दिनसमेत असमर्थ भए । न्यायिक उपचारका लागि यस्ता "अनुसन्धान" र सैनिक अदालतको असान्दर्भिकता यसैबाट झल्किन्छ कि समितिसमक्ष यो निवेदन पेश गर्दासम्म पनि निवेदक यिनका बारेमा अनभिज्ञ थिए ।

५.३. सन् २०११ को मार्चको अन्तिम वा अप्रिलको शुरुवातमा मात्र यी कारबाहीका बारेमा निवेदकका कानुनी प्रतिनिधिले थाहा पाए जब उनीहरूले २८ अगस्त २००५ को मिति राखिएको सैनिक अदालतको फैसलाको अंग्रेजी अनुवाद हात पारे । उक्त फैसलाको प्रतिलिपिमा के लेखिएको छ भने सैनिक अदालतले अन्य कुराका अलावा सुभद्रा सुरक्षा घेरा तोडेर भाग्ने क्रममा गरिएको कारबाहीमा मारिएकी हुन् । सैनिक अदालतले तीनजना पीडितको हत्याका लागि कुनै पनि मानिसलाई जिम्मेवार ठहऱ्याएन । तर यसले निवेदककी छोरीको पक्राउ र हत्याको परिस्थितिलाई "सामान्य" ठहर गऱ्यो । श्रीमती आरआर र श्री टिएलको हत्या अत्यधिक बलप्रयोगका कारण भएको र यी पीडितका मृत शरीरलाई त्यत्तिकै छोडेर हिँड्नु "गैरजिम्मेवारी काम" भएको र यसले गर्दा "सेनाको छविमा नकारात्मक असर परेको" अदालतले ठहर गऱ्यो । यो कार्यका लागि उसले बाह्रजना सैनिकलाई सैनिक ऐन २०१६ का दफा ५४ र ६० ( आज्ञा र अनुशासनको उल्लंघन तथा अन्य कानुनबमोजिमका अपराध) अन्तर्गत दोषी ठहर गऱ्यो तर तीनजनालाई मात्र (सैनिक अदालतमा उभ्याइएका तीनजना) सजाय सुनायो । वाहिनीपतिले घटनालाई 'ढाकछोप' गर्न जानीजानी गलत प्रतिवेदन तयार पारेको र बुझाएको अनि कमान्डरमुनिको अधिकारीले राम्रोसँग अदालती जाँचबुझ नगरेको तथा आफूसमक्ष पेश गरिएका तथ्य जस्ताको त्यस्तै स्वीकार गरेको पनि अदालतले पायो ।

५.४ सुभद्राको हत्याका सम्बन्धमा सैनिक अदालतले कुनै पनि सजाय दिएन । दिएको नै भएपनि ती सजाय सर्वथा अपर्याप्त हुने थिए किनकि गैरकानुनी पक्राउ, दुर्व्यवहार र हत्याभन्दा पनि अनुशासनसम्बन्धी कसुर तथा नतोकिएका "अन्य अपराध" मा सजाय सुनाइएको थियो । अझ, तिनमा एकदमै कम सजाय सुनाइएको थियो ।

५.५ काभ्रे जिल्ला अदालतमा सेनानी एसबी समेत पीडक भनिएका व्यक्तिका विरुद्ध दायर गरिएको हत्याको मुद्दा तथा आरआरको हत्यामा गरिएको एक सैनिक अधिकारीको पक्राउ तथा अभियोजन निवेदकको छोरीको हत्या तथा दुर्व्यवहारसँग सम्बन्धित थिएन, यो त सेनानी एसबी र केकेले १२ देखि १३ फ्रेबुअरी २००४ को रात आरआरको हत्या गरेकोसँग सम्बन्धित थियो । निवेदकका कानुनी प्रतिनिधिले काभ्रे जिल्ला प्रहरी कार्यालयमा सोधखोज गर्दा सुभद्राको दुर्व्यवहार र हत्याका सम्बन्धमा कुनै मुद्दा दर्ता नगरिएको सूचना पाए ।

५.६ आरआरको हत्यामा पक्राउ पुर्जी जारी भएपछि पक्राउ गरिएका एकमात्र व्यक्ति केके हुन् जसलाई २७ सेप्टेम्बर २००७ का दिन थुनामा राखिएको थियो । उनीविरुद्धको अभियोजन अघि बढेको थिएन र उनले सर्वोच्च अदालतसमक्ष बन्दीप्रत्यक्षीकरणको मुद्दा दायर गरेका थिए । उनलाई सैनिक अदालतले कारबाही गर्नुपर्छ र प्रहरीले उनलाई सेनासमक्ष बुझाउनुपर्छ भन्ने जिकिर गर्दै उनको निवेदनलाई नेपाली सेनाले समेत समर्थन गरेको थियो । आरआरको हत्याका लागि सेनानी एसबीविरुद्धको पक्राउ पुर्जीमाथि कुनै कारबाही भएको थिएन जबकि उनी नेपाली सेनामा कार्यरत एक अधिकृत थिए । वास्तवमा सेनाले फेब्रुअरी २०११ मा काभ्रे जिल्ला अदालतको पक्राउपुर्जी फर्काइदिएको थियो अनि त्यसैसँग एउटा पत्र नत्थी गरेर सेनानी एसबीमाथि सैनिक अदालती कारबाही भई कसुरदार समेत ठहऱ्याइएकाले दोहोरो खतराको सिद्धान्तका आधारमा उनलाई नागरिक अदालतमा पुनः कारबाही गर्न नमिल्ने बेहोरा राखिएको थियो । पक्राउपुर्जी जारी गरिसकेपछि पनि नेपाली सेनाको अवरोधका कारण अभियोजन अघि बढाउन गाह्रो हुने गरेको तथ्य अन्य मुद्दामा पनि देखिन्छ भनी निवेदक जिकिर गर्दछन् । अझ, अभियोजनलाई अघि बढाउन राजनीतिक इच्छाशक्ति नै नभएको भन्ने दह्रो संकेत पाइन्छन् ।[१२]

५.७ सैनिक अनुसन्धान र सैनिक अदालतको कारबाहीबाट प्रस्ट हुन्छ कि राज्यपक्षले अधिकार उल्लंघनमा अनुसन्धान र अभियोजन गर्नुपर्ने तथा राष्ट्रिय तहमा कानुनी उपचार दिनुपर्ने आफ्नो दायित्व निर्वाह गरेको छैन । सिद्धान्ततः एक नागरिकको हत्या तथा दुर्व्यवहारमा संलग्न भनी आरोपित कुनै पनि सैनिकमाथि अनुसन्धान र कारबाही गर्नका लागि सैनिक अदालत सर्वथा अनुपयुक्त थलो हो । सैनिक अदालतको क्षेत्राधिकार सेनाको आन्तरिक तथा सैनिकले गरेको सैनिक प्रकृतिको कसुरमा सीमित हुन्छ जसको बृहत् अर्थ आन्तरिक अनुशासनका उपाय भन्ने लाग्छ । गैरकानुनी हत्या, जबर्जस्ती बेपत्ता तथा यातना लगायतका मानवअधिकारको गम्भीर उल्लंघनउपर जाँचबुझ गर्न तथा यस्ता अपराधमा संलग्न व्यक्तिउपर कारबाही गर्न सैनिक अदालतको क्षेत्राधिकारलाई पन्छाएर नागरिक अदालतको क्षेत्राधिकारलाई प्राथमिकता दिनुपर्छ ।[१३] मानवअधिकारको गम्भीर उल्लंघनउपरको अनुसन्धान तथा अभियोजन सैनिक अदालतले गर्दा पीडितको यस महासन्धि अन्तर्गत प्रभावकारी कानुनी उपचार पाउने हकको उल्लंघन हुन पुग्छ भनी निवेदक जिकिर गर्दछन् । सैनिक अदालतमा अनुसन्धानकर्ता र निर्णयकर्ता स्वतन्त्र नभएको तथा अधिकार उल्लंघनलाई कम गम्भीर बनाउन खोजिएको वा ढाकछोप गर्न खोजिएको मात्र नभई पीडित तथा पीडितका परिवारलाई प्रक्रियामा संलग्न नै नगरिएको अवस्था छ ।

५.८ प्रभावकारी कानुनी उपचारको प्रावधानलाई सबल बनाउनका लागि अनुसन्धान महासन्धि अन्तर्गतको दायित्वको दायरामा पर्नुपर्ने भएपनि  १२-१३ फेब्रुअरी २००४ मा पोखरीचौरीमा भएको घटनाउपर जाँचबुझ गर्न गठित सैनिक अदालतले आवश्यक प्रक्रिया पूरा गर्न असफल रहेको भनी निवेदक विस्तारमा जिकिर गर्दछन् । यी असफलतामा

[12] The author refers to a statement made on 20 May 2011 by the Deputy Prime Minister and Minister for Home Affairs that "cases of a political nature and related to the conflict time should be quashed

[13] The author refers to principle 29, Updated Set of Principles, Supra n.10

देहाय संलग्न छन् : (१) सैनिक अदालत पूर्णतया निष्पक्ष वा स्वतन्त्र थिएन किनकि यसका सैनिक सदस्य आरोपितकै दर्जा तथा तहका मानिस थिए, (२) मानवअधिकारको गम्भीर उल्लंघनउपर अनुसन्धान गर्न तथा कारबाही गर्न यो सैनिक अदालत सक्षम वा योग्य थिएन, (३) निवेदक लगायत पीडितका परिवार अदालती प्रक्रियामा संलग्न थिएनन् र उनीहरूलाई यी प्रक्रियाका बारेमा लगभग ६ वर्षसम्म पनि कुनै जानकारी थिएन, र (४) प्रक्रियाहरू पारदर्शी थिएनन् । सैनिक अदालतको फैसला सार्वजनिक नगरिएको मात्र नभई निवेदकका कानुनी प्रतिनिधिलाई थाहा भएसम्म सैनिक अदालतको फैसला काभ्रे जिल्ला प्रहरी कार्यालयलाई उपलब्ध गराइएको समेत थिएन । यी अधिकार उल्लंघनउपर अनुसन्धान गर्नका लागि सैनिक अदालतको गठनले निवेदकको धारा २ को अनुच्छेद ३ को सामञ्जयस्तामा हेर्दा धारा ६ र ७ अन्तर्गतको अधिकारलाई थप उल्लंघन गरेको छ । यो सैनिक अदालतको प्रक्रिया अधिकार उल्लंघनउपर महासन्धि अन्तर्गत पाइने कानुनी उपचारको तहमा पुग्न सक्दैन र सैनिक अदालतमा प्रक्रिया चलाइएको भन्ने तथ्यले निवेदकको दाबीलाई अग्राह्य ठहऱ्याउँदैन ।

५.९ राज्यपक्षले राष्ट्रिय कानुनी उपचारको पूर्ण उपभोग निवेदकले गरेका छैनन् भनी दाबी गरेकोमा निवेदक आफ्नो सुरुकै जिकिर गर्छन् कि कानुनी उपचार लागु गर्ने कामलाई अनावश्यक लम्ब्याइयो र उपचार समेत प्रभावकारी थिएनन् । सर्वोच्च अदालतले परमादेश जारी गरेको १८ महिना बितिसक्दा पनि खासै केही कारबाही अघि बढेन । निवेदकले थाहा पाएसम्म प्रहरीले उजुरीमा नाम किटान गरिएका सैनिक गस्ती टोलीका कुनै पनि सदस्यसँग बयान लिएन । प्रहरीसमक्ष उजुरी दर्ता गरेको सात वर्षपछि मात्र उसले केही कारबाही गर्नु, विशेषगरी २३ अप्रिल २०१० मा दुईजना साक्षीको बयान लिने र २१ जनवरी २०११ मा घटनास्थलमा पुग्ने काम मात्र गर्नु, नै निवेदकको भनाइ अनुसार यो मुद्दामा कानुनी उपचारको अवलम्बनलाई अनावश्यक रूपमा लम्ब्याउने कुराको दह्रो प्रमाण हो । [१४]

५.१० कानुनमा देखिएका कुनै पनि उपचार प्रभावकारी तथा व्यवहारमा उपलब्ध छैनन् भनी निवेदक जिकिर गर्दछन् । विशेषगरी यातना तथा दुर्व्यवहारलाई राष्ट्रिय कानुनमा फौजदारी कसुर घोषणा गरिएको छैन त्यसैले राष्ट्रिय अदालतले तिनमा कारबाही चलाउन सक्दैन ।[१५] माथि उल्लेखित परिस्थिति तथा सशस्त्र द्वन्द्वका दौरान भएका अपराधमा हालसम्म कसैलाई पनि कानुनको दायरामा नल्याइएको तथ्यबाटै प्रस्ट हुन्छ कि राष्ट्रिय कानुनी प्रक्रिया अन्तर्गतको कुनै पनि सम्भाव्य उपचार भ्रामक छ र यसलाई उपलब्ध वा प्रभावकारी भन्न मिल्दैन ।

---

[14] The author refers to communication No. 687/1996, *Rojas Garcia v. Colombia,* Views adopted on 3 April 2001, paras. 7.1 and 10.2 ; communication No. 778/1997, *Coronel et al. v. Colombia,* Views adopted on 24 October 2002, paras. 6.2, 7.4, 8.2 and 9.1 ; and communication No. 1432/2005, *Gunaratna v. Sri Lanka*, Views adopted 17 March 2009, para. 7.4

[15] The 1990 Constitution of Nepal and the 2007 Interim Constitution of Nepal both address the crimes of torture and inhuman treatment. The 1990 constitution did not define torture as a crime. The Interim Constitution of Nepal established torture as a criminal offence, but to date no bill providing criminal penalties for torture has been passed by the Nepalese legislature. Therefore, torture functionally remains only a civil offence.

५.११ राज्यपक्ष द्वन्द्वका दौरान भएका भनिएका मानवअधिकार उल्लंघनका मुद्दामा जाँचबुझ तथा अनुसन्धान गर्ने कुरामा प्रतिबद्ध रहेको तथा संक्रमणकालीन न्यायका उपयुक्त संयन्त्र गठन गर्नतर्फ लागिसकेको तथ्यलाई निवेदक विचार गर्दछन् । राज्यपक्षको यो जिकिरका सम्बन्धमा निवेदकको भनाइ छ कि उनले आफ्नो टिप्पणी राखेका बखत भविष्यमा संक्रमणकालीन न्यायका संयन्त्रको स्थापना गर्ने सम्भावनाले यो मुद्दामा कानुनी उपचार अवलम्बन गर्नमा अनावश्यक ढिलाइ भएको तथ्यलाई कुनै असर पार्दैन । अझ, यस्ता संयन्त्र त्यतिखेर उपलब्ध थिएनन् तथा भविष्यमा उपलब्ध भए पनि तिनले उल्लंघनउपर उचित उपचार दिन सक्दैनन् ।

५.१२ अझ, स्थापना गर्ने भनिएको सत्यनिरूपण तथा मेलमिलाप आयोग न्यायिक निकाय हुने छैन । त्यसले यी गम्भीर उल्लंघनउपर उचित उपचार दिने छैन र यसको स्थापनाको सम्भावना उपचारहरू उपभोग भइसकेका वा नसकेका प्रश्नसँग असम्बन्धित छन् ।

## ग्राह्यता उपर समितिको फैसला

६.१ ८ मार्च २०१२ मा बसेको १०४ औं सत्रमा समितिले निवेदनको ग्राह्यताको जाँचबुझ गऱ्यो ।

६.२ ऐच्छिक आलेखको धारा ५, अनुच्छेद २(क) ले आवश्यक ठहऱ्याए बमोजिम यही मुद्दा अन्य अन्तर्राष्ट्रिय अनुसन्धान वा किनारा लगाउने प्रक्रियामा छैन भनी समितिले निश्चय गऱ्यो । धारा २६ अन्तर्गत निवेदकको दाबीका सम्बन्धमा समितिले विचार गरेअनुसार ग्राह्यताका प्रयोजनका लागि निवेदक आफू विभेदको पीडित भएको भन्ने तथ्यलाई प्रमाणित गर्न असमर्थ भए र समितिले ऐच्छिक आलेखको धारा २ बमोजिम उनको दाबी अग्राह्य रहेको घोषणा गऱ्यो ।

६.३ राष्ट्रिय उपचारको उपभोग हुनुपर्ने सम्बन्धमा समितिले भविष्यमा बन्ने सत्यनिरूपण तथा मेलमिलाप आयोग जस्ता संक्रमणकालीन न्यायका संयन्त्रले यो निवेदनमा उल्लेख गरिएका अधिकार उल्लंघनमा उचित उपचार दिन सक्दैनन् भनी विचार गऱ्यो र गम्भीर उल्लंघनका मुद्दामा न्यायिक उपचार आवश्यक रहेको भन्ने आफ्नो विधिशास्त्र रहेको स्मरण गऱ्यो ।[१६] जहाँसम्म निवेदनमा उल्लेख गरिएका सवालका सम्बन्धमा प्रक्रिया जारी नै रहेको कुरा छ, निवेदकले काभ्रे जिल्ला प्रहरी कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग तथा सर्वोच्च अदालत मार्फत २००४ देखि राष्ट्रिय उपचार हासिल गर्ने प्रयास गरेको कुरालाई समितिले विचार गऱ्यो र निवेदककी छोरीको हत्या भएको आठ वर्षभन्दा बढी बितिसक्दा समेत उल्लंघन भएको भनिएको अपराधको गम्भीर प्रकृतिलाई मध्यनजर गर्दै राज्यपक्षका अधिकारीले गरिरहेको अनुसन्धान प्रभावकारी भएको देखाउन नसकेको र अनावश्यक ढिलाइ[१७] गरिएको भनी ठहर गऱ्यो । तदनुरूप ऐच्छिक आलेखको धारा ५, अनुच्छेद २ (ख) अन्तर्गत यो निवेदनउपर विचार गर्न नछेकिएको भनी समितिले निष्कर्ष निकाल्यो ।

---

[16] See communication No. 1761/2008, *Giri v. Nepal,* Views adopted on 24 March 2011, para 6.3
[17] Ibid., para 6.3

६.४ निवेदककी छोरीका सम्बन्धमा महासन्धिको धारा २, अनुच्छेद ३ को सामञ्जयस्तामा धारा ६, ७, ९ र १० अन्तर्गतका दाबीमा तथा निवेदकको सम्बन्धमा धारा २, अनुच्छेद ३ को सामञ्जयस्तामा धारा ७ अन्तर्गतका दाबीमा समेत यो निवेदन ग्राह्य रहेको समितिले घोषणा गऱ्यो ।

## मेरिटका सम्बन्धमा राज्यपक्षको टिप्पणी

७.१ ६ बैसाख २०७० को नोट भर्बेल मार्फत राज्यपक्षले मेरिटका सम्बन्धमा आफ्नो टिप्पणी पेश गऱ्यो र निवेदकले राष्ट्रिय उपचार उपभोग गरिनसकेको दाबी दोहोऱ्यायो ।

७.२ राष्ट्रिय मानवअधिकार आयोगको सिफारिसलाई मध्यनजर गर्दै फागुन २०६६ मा मा राज्यपक्षले निवेदकलाई रु १००,००० "अन्तरिम राहत" का रूपमा दियो र पछि उनले काभ्रे जिल्ला प्रशासन कार्यालयबाट थप रु २००,००० समेत बुझे ।

७.३ नेपालको अन्तरिम संविधान २०६४ का धारा ३३ (त) तथा (थ) तथा बृहत् शान्ति सम्झौताको दफा ५.२.५ ले मानवअधिकारका गम्भीर उल्लंघनलाई सम्बोधन गर्न तथा सशस्त्र द्वन्द्वका पीडितलाई न्याय दिलाउन संक्रमणकालीन न्यायका संयन्त्र स्थापना गर्ने व्यवस्था गरेका छन् । संविधानसभाको समयावधि सकिएकाले यो संयन्त्र स्थापना गर्ने प्रक्रिया पूरा हुन पाएन । तर १३ मार्च २०१३ मा राष्ट्रपतिले बेपत्ता भएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग अध्यादेश प्रमाणीकरण गरे । यो पृष्ठभूमिमा समितिले यो निवेदनउपर विचार गर्न तथा अवधारणा बनाउन अनुपयुक्त हुन्छ भनी राज्यपक्ष जिकिर गर्दछ तथा निवेदनलाई खारेज गर्ने अनुरोध गर्दछ ।

७.४ उच्चस्तरीय बेपत्ता भएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोगका उद्देश्य देहायबमोजिम छन् : (क) सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकारका गम्भीर उल्लंघनका सत्यता वा घटनामा र यस्ता घटनामा संलग्न व्यक्ति साथै सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता भएका व्यक्तिको अनुसन्धान गर्ने, (ख) गम्भीर उल्लंघनमा संलग्न पीडकलाई कानुनको दायरामा ल्याएर दण्डहीनताको अन्त्य गर्ने तथा (ग) समाजमा मेलमिलापका लागि उचित वातावरण बनाउन र पीडितलाई परिपूरणका लागि सिफारिससहितको एक प्रतिवेदन पेश गर्ने । आयोगका सदस्य देशका विभिन्न भाग तथा सामाजिक क्षेत्रबाट छानिने हुनाले यसको स्वतन्त्रता, निष्पक्षता र सक्षमता सुनिश्चित छ ।

७.५ अध्यादेशका अनुसार 'मानवअधिकारको गम्भीर उल्लंघन' भन्नाले निःशस्त्र व्यक्ति वा सर्वसाधारणलाई लक्षित गरेर अन्य कुराका अलावा देहायका कार्य गरेको भन्ने बुझिन्छ : हत्या, अपहरण तथा शरीरबन्धक, बेपत्ता, शारीरिक वा मानसिक यातना, जबर्जस्ती करणी तथा यौन हिंसा तथा अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानुन वा मानवताविरुद्धका अन्य कानुन विपरीतका कार्य । आयोगले १३ फेब्रुअरी १९९६ देखि २१ नोभेम्बर २००७सम्म चलेको सशस्त्र द्वन्द्वका क्रममा राज्यका अधिकारी तथा नेकपा (माओवादी) बाट भएका मानवअधिकारका गम्भीर उल्लंघनउपर क्षेत्राधिकार राख्नेछ । त्यसैले निवेदकले यो निवेदनमा लगाएका आरोप आयोगको क्षेत्राधिकार अन्तर्गत पर्दछ ।

## मेरिटउपर राज्य पक्षका धारणामा निवेदकको टिप्पणी

८.१ ७ जुलाइ २०१३ मा निवेदकले राज्यपक्षका धारणामा टिप्पणी गरे र भने कि यी धारणाले समितिको ग्राह्यतासम्बन्धी फैसलालाई उल्ट्याउने कुनै पनि जानकारी दिएका छैनन् ।

८.२ सैनिक अदालतका प्रक्रियाका सम्बन्धमा निवेदक आफ्ना आरोप दोहोऱ्याउँछन् र जिकिर गर्छन् कि मानवअधिकारका गम्भीर उल्लंघनउपर नागरिक कानुनी व्यवस्थाअन्तर्गत कारबाही चलाउनुपर्छ र उसै पनि सैनिक अदालतको यो प्रक्रिया महासन्धिअन्तर्गतको प्रभावकारी उपचार पाउने अधिकारले आवश्यक बनाएको अनुसन्धान र कारबाहीका मापदण्ड अनुकूल सर्वथा थिएनन् ।

८.३ निवेदकले टिप्पणी गर्दाका बखत अध्यादेश लागु भएको थिएन किनकि सर्वोच्च अदालतले यो लागु नगर्नू भनी १ अप्रिल २०१३ मा एक आदेश जारी गरेको थियो । तर यो लागु नै भएको भए पनि यसबाट ग्राह्यतासम्बन्धी समितिका निष्कर्षलाई परिवर्तन गर्न मिल्दैन ।

८.४ अध्यादेश अन्तर्गत बनाइने पाँच सदस्यीय आयोग एक न्यायिक निकाय होइन । यसले पीडकहरूलाई कसुरदार ठहऱ्याउन र सजाय दिन सक्दैन । पीडितलाई परिपूरण दिने बाध्यात्मक आदेश समेत दिन यसले सक्दैन । यसअनुरूप यसको गठन भएपनि यसले उचित उपचार दिन सक्दैन ।

८.५ व्यवहारमा अध्यादेशले मानवअधिकारका गम्भीर उल्लंघनमा न्यायिक उपचारको पहुँचलाई अवरोध पुऱ्याउँछ किनकि अपराध अनुसन्धान गर्ने तथा कारबाही सुरु गर्ने प्रक्रिया प्रस्टसँग उल्लेख गरिएको छैन र अध्यादेशले न्याय दिन गरिने ढिलाइको अवसर र दण्डहीनताको अवस्था सिर्जना गर्छ । मानवअधिकारको गम्भीर उल्लंघनमा क्षमादान नदिनमा समेत अध्यादेश प्रस्ट छैन ।

८.६ अध्यादेशले पीडितको परिपूरण पाउने अधिकारलाई सुनिश्चित गरेको छैन र अन्तर्राष्ट्रिय मानवअधिकार कानुन अनुकूल हुने गरी परिपूरण दिने आधार समेत अध्यादेशमा राखिएको छैन । त्यसैले यसको अवलम्बन पूर्णतया गैरन्यायिक निकायको स्वविवेकमा छोडिएको छ र सामान्य न्यायिक उपचारमा पहुँचलाई समेत यसले रोकेको छ जसबाट यस महासन्धिको धारा २, अनुच्छेद ३ अन्तर्गत प्रभावकारी उपचार पाउने अधिकारको उल्लंघन हुन्छ ।

८.७ राज्यपक्षले आफ्नी छोरीका बारेमा १२ फेब्रुअरी २००४ मा भएका घटनाका सम्बन्धमा दिएको बयानलाई निवेदक अस्वीकार गर्दछन्, विशेषगरी उनलाई 'आतंकवादी' भनी चित्रण गरेको, उनले एक पिस्तोल र पाँच राउन्ड गाली बोकेको, केरकार गर्दा तुरुन्तै आफू आतंकवादी भएको स्वीकार गरेको अनि गाउँहरूमा धेरै आतंकवादीहरू लुकिरहेको जानकारी दिएको, तथा भाग्न कोसिस गरेको भन्ने बयानलाई उनी अस्वीकार गर्छन् । उनको निवेदनमा संलग्न कागजात विश्वसनीय र विस्तृत प्रमाणयुक्त भएको तथा राज्यपक्षको अभिलेखीकरण, प्रमाण वा सन्तोषदायक व्याख्याको अभाव भएको सन्दर्भमा निवेदक आफ्ना आरोपहरू पुष्टि भएको जिकिर गर्छन् ।

८.८ तथ्य पत्ता लगाउने संयन्त्रका प्रस्ट कमजोरीका कारण सैनिक अदालतको निष्कर्षलाई समितिले महत्व दिनुहुँदैन भनी निवेदक जिकिर गर्छन् । यी निष्कर्षलाई स्वीकार गर्ने हो भने समितिले सैनिक अदालतको देहायको बयानलाई विचार गर्नुपर्ने हुन्छ :

"सुरक्षाकर्मीले सुभद्रोलाई उनले देखाएको घरतिर लगे र त्यहाँ उनीहरूले मानिसहरूलाई सोधपुछ गर्दा उनले शंकास्पद क्रियाकलाप गरिरहेको देखे अनि उनीहरूले उनका दुवै हात एउटा सल र एउटा कपडाको टुक्राले बाँधे र उनलाई घरको आँगनमा राखे जहाँ उनले आफ्नो हात खोलिन् र नजिकै रहेको सेन्ट्रीलाई धकेलिन्, त्यसपछि सेन्ट्री बसेका नायक केकेले उनलाई इन्सास राइफलले हिर्काए जसका कारण उनी भुइँमा ढल्न पुगिन्  र सार्जेन्ट आइकेएसले उनीमाथि दुई राउन्ड गोली चलाए र लगत्तै सार्जेन्ट एसबिआरले उनको कन्चटमा एक राउन्ड गोली चलाए र उनी यति भएसकेपछि पनि नमरेकी हुँदा वारेन्ट अफिसर २ डिटिएमले नजिकै रहेका सेन्ट्रीलाई उनीमाथि राइफलको कुन्दाले प्रहार गर्न लगाए अनि उनको कन्चटमा राइफलको कुन्दाले हानेपछि उनको मृत्यु भयो र वारेन्ट अफिसर २ को नेतृत्वमा सुरक्षाकर्मीको टोली सेनानी एसको आदेश बमोजिम सेनानीकहाँ फर्कियो ।"

माथि वर्णित यी तथ्यले अनावश्यक तथा असन्तुलित रूपमा बल प्रयोग भएको देखाउँछ जुन यो महासन्धिको धारा ६ को उल्लंघनको तहमा पुग्छ ।

८.९ निवेदकले २००८ मा अन्तरिम राहतका रूपमा रु १००,००० र २०१० मा थप रु २००,००० प्राप्त गरे ।  तर स्थानीय प्रशासनलाई अनेकौं अनुरोध गरेपनि राष्ट्रिय मानवअधिकार आयोगले सरकारलाई रु २००,००० दिनु भनी गरिएको सिफारिस बमोजिमको रकम उनलाई उपलब्ध गराइएको छैन । यो सम्बन्धमा उनी जिकिर गर्दछन्, अन्तरिम राहत परिपूरणभन्दा पनि मानवीय सहयोग हो र यसबाट उनलाई प्रभावकारी उपचार दिने राज्यपक्षको दायित्व पूरा भएको ठहर्दैन ।

८.१० निवेदन दर्ता गरेपछि भएका घटनाका कारण निवेदक आफ्नो मुद्दामा राहतका लागि थप दुई अनुरोध गर्न चाहन्छन् र राज्यपक्षलाई समितिले देहायका सिफारिस गरोस् भनी अनुरोध गर्दछन् : (क) १२ –१३ फेब्रुअरी २००४ मा पोखरीचौरी गाउँमा भएका घटनामाथि गरिएको सैनिक अनुसन्धानका पूर्ण विवरण उनलाई र राष्ट्रिय मानवअधिकार आयोगलाई तत्काल उपलब्ध गराउने, यसमा तथ्यको जाँचबुझ गर्न गठित दुई कोर्ट अफ इन्क्वाइरी र कोर्ट मार्सलका प्रक्रियाका पूर्ण विवरणका साथै त्यहाँ पेश गरिएका साक्षी बयानसमेतका प्रमाण पनि उपलब्ध गराउने, र (ख) बेपत्ता भएका व्यक्तिको खोजबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेश खारेज गर्ने तथा यसको सट्टा बन्ने कानुन महासन्धिअन्तर्गत प्रभावकारी उपचार दिने राज्यपक्षको दायित्व अनुकूल हुने सुनिश्चित गर्ने ।

## दुवै पक्षबाट पेश गरिएका थप कुरा

९.१ ०४ जुलाई २०१४ मा निवेदकले २५ अप्रिल २०१४ का दिन राज्यपक्षको संसदले बेपत्ता व्यक्तिको  छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग तथा आयोग गठन गर्ने ऐन २०१४ अपनाएको जानकारी समितिलाई दिए ।

९.२ निवेदकको भनाइअनुसार यो ऐन सशस्त्र द्वन्द्वका क्रममा गरिएका 'मानवअधिकारका गम्भीर उल्लंघन' का सबै मुद्दामा लागु हुन्छ र निवेदक जिकिर गर्दछन् कि यसमा भएका कैयौं प्रावधान अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड प्रतिकूल छन् । विशेषगरी, यसले आयोगहरूलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुन वा अन्तर्राष्ट्रिय मानवीय कानुनका गम्भीर उल्लंघनउपर क्षमादान दिने सिफारिसको व्यवस्था गरेको छ, यो निवेदनमा उठाइएका जस्ता उल्लंघन पनि त्यसमा पर्दछन्, आयुक्तहरूले स्वतन्त्रता र निष्पक्षताको सुनिश्चितता प्राप्त गर्दैनन् र ऐनले पीडितको पूर्ण परिपूरणको अधिकारलाई सम्बोधन गर्न सकेको छैन ।[१८] समितिले यो मुद्दामा महासन्धिको उल्लंघन भएको छ भनी पत्ता लगाएमा राज्यपक्षलाई पीडित, तिनका परिवार, नागरिक समाज र राष्ट्रिय मानवअधिकार आयोगसँगको उचित परामर्श पश्चात् उक्त ऐनमा सुधार ल्याउनका लागि सिफारिस गर्न सक्छ । विशेषगरी, राज्यपक्षले क) महासन्धिका गम्भीर उल्लंघनमा क्षमादान दिने अख्तियार हटाउनुपर्दछ, (ख) महासन्धिका गम्भीर उल्लंघन फौजदारी अनुसन्धानका विषय बन्ने तथा उल्लंघनमा संलग्न व्यक्तिलाई कानुनको दायरामा ल्याउने जसमा कारबाही चलाउनु नपर्ने भनी गरिएका फैसलामा न्यायिक पुनरवलोकन हुनुपर्ने सुनिश्चितता लगायतका सुनिश्चितता गर्ने, (ग) पीडितको अनुमतिबेगर पीडित र पीडकका बीच 'मेलमिलाप गराउने' अख्तियारको प्रवधान हटाउने, (घ) आयुक्तहरूको निष्पक्षता र स्वतन्त्रताको सुनिश्चितता गर्ने र (ङ) पुनर्वास, क्षतिपूर्ति, पुनःस्थापना, सन्तुष्टिका उपाय र घटना नदोहोरिने प्रतिबद्धता रहनसक्ने गरी परिपूरण पाउने पीडितका अधिकारलाई सम्बोधन गर्ने ।

१०. ११ अगस्त २०१४ मा राज्यपक्षले समितिलाई आफ्नो संसदले उक्त ऐन लागु गरेको जानकारी दियो र मेरिटमाथिको आफ्नो दृष्टिकोण दोहोऱ्यायो (अनुच्छेद ७.३ र ७.४ हेर्नुस्) र समितिले यो निवेदनउपर विचार गरिरहनु अनुपयुक्त हुन्छ भनी जिकिर गऱ्यो । सशस्त्र द्वन्द्वका पीडित र तिनका परिवारलाई पुनःस्थापना तथा आर्थिक र गैरआर्थिक सहयोग प्रदान गर्न कार्यक्रम बनाएको भनी यसले थप जिकिर गऱ्यो ।

## मेरिट (मुद्धाको विषयवस्तु) उपर विचार

११.१ मानवअधिकार समितिले प्राप्त सबै जानकारीका आधारमा यो निवेदनउपर ऐच्छिक आलेखको धारा ५, अनुच्छेद १ बमोजिम विचार गरेको छ ।

११.२ १२ फेब्रुअरी २००४ मा उनको छोरीलाई सैनिकहरूको एक समूहले मध्यरातमा कुनै पक्राउपुर्जी नदिइकन गैरकानुनी पक्राउ गरेको, यातना दिएको, गम्भीर दुर्व्यवहार गरेको अनि बेइज्जत गरेको तथा शाही नेपाली सेनाका सदस्यले स्वेच्छाचारी तवरले हत्या गरेको र त्यसपछिका दिनमा उनले प्रमुख जिल्ला अधिकारीसमक्ष उजुरी दर्ता

[18] The author refers to the OHCHR's Technical Note. The Nepal Act on the omission on Investigation of Disappeared Persons, Truth and Reconciliation, 2071 (2014) – as Gazetted 21 May 2014; as well as the OHCHR News Release ' Nepal: Truth-seeking legislation risks further entrenching impunity, alert UN rights experts', 4 july 2014, issued by the UN Special Rapporteur on the promotion of Truth, Justice, Reparation and Guarantees of Non-recurrence, the Working Group on Enforced or Involuntary Disappearances, the Special Rapporteur on extrajudicial, summary or arbitrary executions, the Special Rapporteur on violence against women, and the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment

गरेको, २९ फेब्रुअरी २००४ मा उनले राष्ट्रिय मानवअधिकार आयोगमा एक निवेदन पेश गरेको अनि ८ जुन २००६ मा काभ्रे जिल्ला प्रहरी कार्यालयमा हत्यासम्बन्धी उजुरी दर्ता गरेको भनी निवेदकले दिएको विवरणलाई समितिले विचार गऱ्यो । प्रहरीले कुनै पनि किसिमको अनुसन्धान नगरेको हुनाले निवेदकले सर्वोच्च अदालतमा परमादेशको निवेदन दिए । निवेदक थप दाबी गर्छन्, राष्ट्रिय मानवअधिकार आयोगले १४ जुन २००५ मा सिफारिस दिएको र सर्वोच्च अदालतले १४ डिसेम्बर २००९ मा परमादेश गरेको भएपनि उनको छोरीको हत्यामा हालसम्म कुनै पनि अनुसन्धान गरिएको छैन । १२ –१३ फेब्रुअरी २००४ मा पोखरीचौरीमा भएका घटनामा जाँचबुझ गर्न गठित सैनिक अदालतका प्रक्रियाका बारेमा आफूलाई कुनै जानकारी दिइएन, सैनिक अदालतको २८ अगस्त २००५ को फैसला सार्वजनिक गरिएन, यो फैसलामा उल्लेखित कागजात तथा प्रमाण काभ्रे जिल्ला प्रहरी कार्यालय र उनलाई दिइएन तथा उनको छोरीका विरुद्ध गरिएको अपराधका पीडकलाई अदालतले सजाय दिएन भन्ने निवेदकको दाबीलाई समितिले विचार गऱ्यो । निवेदककी छोरीको मृत्युसम्बन्धी परिस्थितिमा थप अनुसन्धान जारी छ र यो मुद्दा ऐनबमोजिम गठन हुने बेपत्ता व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोगको क्षेत्राधिकारमा पर्नेछ भन्ने राज्यपक्षको बयानलाई पनि समितिले विचार गऱ्यो ।

११.३ राज्यपक्षहरूले आपराधिक कार्यबाट मानिसको बाँच्न पाउने अधिकारको हरण हुने कार्यलाई रोकथाम गर्ने र सजाय दिने मात्र नभई आफ्ना सुरक्षाबलले गर्ने स्वेच्छाचारी हत्यालाई समेत रोकथाम र सजाय गर्ने उपाय अपनाउनुपर्ने हुन्छ भनी समिति स्मरण गर्न चाहन्छ ।[१९] महासन्धिको धारा २, अनुच्छेद ३ अन्तर्गत राज्यपक्षले सबै व्यक्तिको महासन्धिमा निहित अधिकारको दाबी पुग्नेगरी सहज, प्रभावकारी र अवलम्बनीय उपचारको सुनिश्चितता गर्नुपर्ने कुरालाई समेत समिति स्मरण गर्न चाहन्छ । समिति आफ्नो सामान्य टिप्पणी नं. ३१ लाई समेत स्मरण गर्दछ जसअन्तर्गत महासन्धिका केही अधिकारको उल्लंघन भएको भनी अनुसन्धानहरूले खुलासा गरेपछि राज्यपक्षहरूले उल्लंघनमा जिम्मेवार ठहरिएकालाई न्यायको दायरामा ल्याउनुपर्ने सामान्य कानुनी दायित्व रहन्छ । अनुसन्धान नगर्ने, यस्ता उल्लंघनका पीडकलाई न्यायको दायरामा नल्याउने गर्दा यो कार्य आफैँमा महासन्धिको छुट्टै उल्लंघन भएको ठहर्छ । यातना तथा यो जस्तै क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार तथा गैरकानुनी र स्वेच्छाचारी हत्याजस्ता राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनमा फौजदारी अपराध भनी चिनिएका यस्ता उल्लंघनका मुद्दामा यस्ता दायित्व विशेषगरी आकर्षित हुन्छन् । [२०]

११.४ यो मुद्दामा निवेदककी छोरीलाई शाही नेपाली सेनाका सैनिकले पक्राउपुर्जी बिना नै पक्राउ गरेका थिए र यी सैनिकले चलाएको गोलीले उनको मृत्यु भएको भन्ने विषयमा कुनै विवाद छैन तर यो मृत्युका परिस्थितिका सम्बन्धमा दुवै पक्षको बेग्लाबेग्लै धारणा छ । जे भए पनि सेनाले निवेदककी छोरीलाई मारेकोमा एक द्रुत तथा स्वतन्त्र

---

[19]See the Committee's General Comment No.6, on the right to life (article 6 of the Covenant), para 3.
[20] See the Committee's General Comment No. 31. Nature of the General Legal Obligation Imposed to the States Parties to, para. 18.

अनुसन्धान हुनुपर्थ्यो । राज्यका अधिकारीले जीवन हरण गर्ने कार्य अत्यन्त गम्भीर कुरा हो[२१] जसमा महासन्धिले तोकेका सबै सुनिश्चिततासहितको शीघ्र तथा उचित अनुसन्धान तथा पीडकलाई उचित सजाय आवश्यक हुन्छ । आफ्नी छोरीको हत्या भएलगत्तै निवेदकले प्रमुख जिल्ला अधिकारीसमक्ष एक उजुरी दर्ता गरेको र काभ्रे जिल्ला प्रहरी कार्यालयमा ०८ जुन २००६ मा एक उजुरी दर्ता गरेको तथा तिनमा कुनै कारबाही नभएको कुरालाई समिति विचार गर्दछ । जुन २००५ मा राष्ट्रिय मानवअधिकार आयोगले निवेदककी छोरीको गैरकानुनी हत्या भएको ठहर गर्दै पीडकको पहिचान गरी तिनका विरुद्ध कानुनी कारबाही गर्नका लागि सरकारलाई सिफारिस गऱ्यो । त्यसैगरी १४ डिसेम्बर २००९ मा सर्वोच्च अदालतले तत्काल अनुसन्धान सुरु गर्नू भनी परमादेश जारी गरेको भएपनि कुनै प्रगति भएन । निवेदकको अनेकौं प्रयासका बाबजुद आफ्नी छोरीको हत्या भएको १० वर्ष बितिसक्दा पनि राज्यपक्षले उनको पक्राउ तथा मृत्युका परिस्थितिलाई प्रस्ट पार्ने गरी कुनै पनि अनुसन्धान सम्पन्न गरेको छैन र कुनै पनि पीडकमाथि मुद्दा चलाइएको र सजाय दिइएको छैन । राज्यपक्षले अनुसन्धान जारी रहेको भनी जिकिर गरेको भएपनि यस्ता अनुसन्धानका अवस्था र तिनमा भएका ढिलाइका कारण अस्पष्ट छन् ।

११.५ निवेदककी छोरीको पक्राउ, उनीप्रतिको व्यवहार र हत्याका परिस्थितिमा शीघ्र, पूर्ण र प्रभावकारी अनुसन्धान गर्नमा राज्यपक्ष असफल रहेको भनी समिति ठहर गर्दछ । यसअनुरूप निवेदककी छोरीको पक्राउ, उनीप्रतिको व्यवहार र हत्यामा जिम्मेवारी ठहर गर्नका लागि प्रभावकारी अनुसन्धानको अभावले उनलाई न्यायबाट वञ्चित गराएको तथा महासन्धिको धारा २, अनुच्छेद ३ का साहचर्यमा अध्ययन गर्दा धारा ६ का अनुच्छेद १, ७ र ९ मा निहित अधिकारको उल्लंघन भएको समितिको निष्कर्ष छ ।

११.६ शाही नेपाली सेनाका सैनिकले उनीमाथि गरेका व्यवहार जसअन्तर्गत उनलाई आफ्नी छोरीको हत्या भएको दृश्य हेर्न बाध्य पारियो तथा घटनापछि उचित अनुसन्धानको अभाव भएको अनि पीडकहरूमा दण्डहीनता भएको र यसले उनी स्वयंको धारा २, अनुच्छेद ३ को सामञ्जयस्ताममा हेर्दा धारा ७ मा निहित प्रावधानको विपरीत व्यवहार भएको भनी निवेदकले गरेको जिकिरलाई समेत समितिले विचार गर्दछ । अधिकारीहरूबाट न्याय पाउने निवेदकका सबै प्रयासले कुनै उपलब्धि हासिल गर्न नसकेको र उनी र उनको परिवारले अन्तरिम राहतका रूपमा २००८ मा रु १००,००० तथा २०१० मा रु २००,००० मात्र पाएको कुरालाई समेत समितिले विचार गरेको छ । दिइएको अन्तरिम राहतले गम्भीर उल्लंघन बराबरको उचित उपचार दिन नसकेको समितिको ठहर छ । यसअनुरूप निवेदकले बाध्यात्मक रूपमा भोग्नुपरेको अनुभव जसमा शीघ्र, पूर्ण र प्रभावकारी अनुसन्धान गर्नमा राज्यपक्ष असफल भएबाट उत्पन्न अनुभव पनि पर्दछन्, त्यसले महासन्धिको धारा २, अनुच्छेद ३ को सामञ्जयस्तामा हेर्दा धारा ७ मा भएको प्रावधान विपरीत हुने व्यवहार पनि पर्दछ भन्ने समितिको ठहर छ ।

---

[21] See Communication No. 1275/2004, *Umetaliev and Tashtanbekova v Kyrgyzstan*, Views adopted on 30 October 2008, para 9.5

१२. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको ऐच्छिक आलेखको धारा ५, अनुच्छेद ४ अन्तर्गत रहेर मानवअधिकार समिति यो धारणा प्रकट गर्दछ कि  महासन्धिको धारा २, अनुच्छेद ३ को सामञ्जयस्तामा हेर्दा धारा ६ को अनुच्छेद १, ७, ९ र १० अन्तर्गतको निवेदककी छोरीको अधिकार राज्यपक्षले उल्लंघन गरेको अनि धारा २ को अनुच्छेद ३ को सामञ्यस्तामा हेर्दा धारा ७ अन्तर्गतको निवेदकको अधिकार उल्लंघन गरेको देखिन्छ ।

१३. महासन्धिको धारा २, अनुच्छेद ३ (क) बमोजिम राज्यपक्षको निवेदकलाई प्रभावकारी उपचार दिनुपर्ने दायित्व हुन्छ जसमा तथ्यहरूको प्रभावकारी तथा पूर्ण अनुसन्धान गर्नुपर्ने, दोषीलाई कारबाही र सजाय गर्ने, पीडितलाई पूर्ण परिपुरण तथा सन्तुष्टिका उचित उपाय दिनुपर्ने कुरा समावेश हुन्छन् । भविष्यमा यस्ता उल्लंघन नगर्न समेत राज्यपक्षको दायित्व रहन्छ ।

१४. ऐच्छिक आलेखको पक्षराष्ट्र बनेपछि राज्यपक्षले महासन्धिको उल्लंघन भएको छ छैन भनी ठहर गर्ने समितिको अधिकारलाई स्वीकार गरेको र आफ्नो क्षेत्र र क्षेत्राधिकार अन्तर्गत पर्ने सबै व्यक्तिको महासन्धिको धारा २ बमोजिम महासन्धिमा रहेका अधिकार सुनिश्चित गर्ने दायित्वलाई ध्यानमा राख्दै राज्यपक्षले १८० दिनभित्रमा समितिले बनाएका धारणाउपर कार्यान्वयन गर्नका लागि अपनाइएका उपायका बारेमा समितिलाई जानकारी दिनेछ भन्ने चाहना राखेको छ । समितिका धारणालाई प्रकाशन गर्न र आधिकारिक भाषामा अनुवाद गर्न अनि त्यसको व्यापक वितरण गर्नका लागि समेत राज्यपक्षलाई अनुरोध गरिएको छ ।

# परिशिष्ट

**समितिका सदस्यहरु भिक्टर मेनुवल रोड्रिग्युज – रेस्सीया र फेबियन साल्मीओलिको आशिंक असहमती**

१. निवेदन नं २०१८/२०१० को मुद्दामाधारा ६ को अनुच्छेद १, निवेदकका (केदार चौंलागाईं) छोरी (सुभद्रा चौलागाईं) को हकमा धारा २ अनुच्छेद ३ को सामञ्जयस्तामा धाराहरु ७, ९ र १० र निवेदक स्वयंको हकमा धारा २ को सामञ्जयस्तामा धारा ७ मा उल्लेख गरिएका अधिकार उल्लंघन भए/गरेको भनि निरुपण गर्ने समितिको निर्णयमा हामी सहमत छौं ।

२. तथापि, केवल प्रभावकारी अनुसन्धानको अभाव भनि एकमात्र कारण (जुन दुर्भाग्यवस समितिले अनुबन्धको धारा २ हरफ ३ को सामञ्जयस्तामा धाराहरु ६,७, ९ र १० लाई हेरी निष्कर्षमा पुगेको थियो) देखाउनु भन्दा समितिले उक्त अधिकारहरुको उल्लंघन भएको स्वतन्त्ररुपमा निरुपण गर्न सक्थ्यो भन्ने हाम्रो विश्वास छ । २०६८ साल फाल्गुन २५ गते बसेको १०४ औं सभाले मुद्दाको ग्राह्यताको बिषयमा अवलम्बन गरेको निर्णय अनावश्यक ढङ्गले संकुचित र कानूनी रुपमा त्रुटिपूर्ण छ भन्ने हाम्रो मत छ । समितिले मुद्दाको विषयवस्तुलाई ग्राह्यताको प्रश्नबाट भिन्न राखि बिश्लेषण गर्ने निर्णय किन गर्यो भन्ने बुझ्न सकिएको छैन् ।

३. बिषय बस्तुसँग सम्बन्धित आफ्नो निर्णयमा समितिले अनुबन्धनलाई सही ढङ्गले प्रयोग गरी सम्बन्धित अधिकारहरुको ठाडो उलङ्घन भएको छ भनि निष्कर्षमा पुग्न सक्थ्यो । समितिले बेलाबेलामा भोग्ने गरेको समस्या नै बढि संरचनात्मक प्रकृतिको हो र अस्पष्टतासँग सम्बन्धित छ – निवेदनहरु उपर विचार गर्दा समितिले ‘‘अदालतले कानुन जान्दछ’’ (iura novit curia) भन्ने सिद्धान्त प्रयोग गर्न नखोज्ने गलत अभ्यास हो भन्ने हामी विश्वास गर्दछौ ।

४. स्थापित तथ्यहरुमा आधारित हुनुपूर्व समितिले आफू समक्ष प्रस्तुत भएको मुद्दाहरुलाई बिश्लेषण गर्न आवश्यक छ र यसैको आधारमा निवेदकहरुले दावी गरे बमोजिम मिल्न गएमा पनि फरक नपर्ने गरी अनुबन्धको कुन कुन अधिकारहरु उल्लंघन भएका हुन भनि निर्क्यौल गर्नुपर्छ ।

५. प्रस्तुत मुद्धामा जस्तै यदि समितिले आरोपित तथा प्रमाणित तत्थ्य र कसरी उल्लंघनहरुलाई प्रमाणित गरिएको छ भन्ने कुराको निर्क्यौल गर्नुको सट्टा निवेदनमा उठान गरिएका धाराका संख्याहरुमा बढ्ता ध्यान दियो भने अव्यवहारिक निष्कर्ष निस्कन सक्छ । निवेदनले बयान गरेका डरलाग्दा घटना स्वयंसिद्ध छन र उजुरीउपर शंका राख्ने कुनै पनि ठाउँ छैन ।[22]

६. त्यसैगरी उक्त मुद्धामा उल्लेखित घटना हुँदा निवेदककी छोरी १७ वर्षकी थिइन भन्ने तथ्य छ, तसर्थ अनुबन्धको धारा २४ (जसअनुसार बालबालिका र किशोर/ किशोरीहरुको संरक्षणमा राज्यपक्षले विशेष ब्यवस्था गर्नु पर्ने प्रावधान छ) बमोजिम अधिकारहरुको उल्लंघन भए/गरेको बिषय समितिले निर्क्योल गर्न सक्नुपर्थ्यो । तत्कालिन शाही नेपाली सेनाले पीडितविरुद्ध गरिको कार्यमा धारा २४ बमोजिमको दायित्वमा राज्यको अन्तराष्ट्रिय जिम्मेवारी संलग्न हुन्छ । राज्यको जिम्मेवारीको थप कुरा गर्दा सुभद्राका पक्राउ, यातना एवं गैरन्यायिक हत्या प्रकरणमा मुद्धाको तथ्यहरुको व्यापक एवम् सुक्ष्म ढंगले अनुसन्धान गर्नुपर्ने राज्यको दायित्व हो । तसर्थ अनुबन्धनको धारा २४ को छुट्टै उल्लंघन भएको छ साथै, धारा २ अनुच्छेद ३ को सामञ्जयस्तामा हेरिने धारा २४ को पनि उल्लंघन भएको छ भन्ने हाम्रो धारणा हो ।

७. स्थापित तथ्यहरु स्तब्ध बनाउने खालका छन : सुभद्रालाई चुल्ठोमा समातियो, टाउकोमा हानियो, घरबाट लगियो, बेइज्जत गरियो, मार्ने धम्की दिइयो, यातना दिई सोधपुछ गरियो, आन्द्राभुडी बाहिर निस्कने गरी उनको शरीरमा लात्तीले हानियो । यस मुद्धामा अनुबन्धनको धारा ६, ७, ९, १० र २४ बमोजिम मानव अधिकारको ठाडो उल्लंघन भएको अवस्था समितिको दृष्टिमा कसरी परेन?

७. त्यसैगरी निवेदनको अनुच्छेद १२ हाम्रो विचारमा यसरी लेखिनु पर्थ्यो : ‘‘नागरिक र राजनितिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्धनको ऐच्छिक आलेखको धारा ५ अनुच्छेद ४ अर्न्तगत कार्यगर्ने मानवअधिकार समितिको दृष्टिकोणमा निवेदकको छोरीको हकमा राज्यपक्षले अनुबन्धनको धारा ६ अनुच्छेद १; ७; ९; १० र २४ पृथक रुपमा र

[22] See paragraphs 2.1 to 2.21 and 3.1 to 3.8 of the communication

यी सबै  धारा २ अनुच्छेद ३ को सामञ्जयस्तामा हेरिनुपर्ने साथै निवेदक स्वयंको हकमा धारा ७ को सामञ्जयस्तामा धारा ७ र धारा २ अनुच्छेद ३ अन्तर्गत अधिकारहरुको उल्लंघन गरेको छ" । साथै, सुभद्रा चौलागाईं र केदार चौलागाईं पीडित बनाईका उक्त मानवअधिकारको गम्भीर उल्लंघनको गाम्भीर्यता अनुरुपको यथोचित परिपुरणको व्यवस्था गर्नुपर्थ्यो ।

९.समितिले मुद्धाको जाँचबुझ गर्ने आफ्नो प्रकृयालाई पुनरावलोकन गर्नुपर्दछ एवं यसमा दुई पक्षको कानूनी बहसहरुमा नभई स्थापित तथ्यहरुको आधारमा कानूनको प्रचलन गर्ने अन्तराष्ट्रिय न्यायिक र अर्ध न्यायिक निकायहरुको तर्कसंगत अभ्यास ग्रहण गर्नुपर्दछ ।

१०. यसो गर्दा, हामीलाई यस मुद्धामा भए जस्तो झिनो मतभिन्नता भई निर्णय गर्नुपर्ने अवस्थाबाट जोगाउँछ र नागरिक तथा राजनितिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्धन र त्यसको ऐच्छिक आलेखको परिधिमा रहि समितिले मानवअधिकारको संरक्षण गर्ने निकायको रुपमा आफूले उपयुक्त भूमिका निर्वाह गर्न सक्थ्यो ।